# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२




नेपाल सरकार

अर्थ मन्त्रालय

**राजस्व अनुसन्धान विभाग**

हरिहरभवन, ललितपुर।

टेलिफोन: ०१-५०१००८५, ५०१०१०६, ५०१००५७,

फ्याक्स: ०१-५५२४०२३

टोल फ्रि नं. : १६६०-०१-५५०००

इमेल: info@dri.gov.np , वेवसाइट: www.dri.gov.np

# महानिर्देशकको मन्तव्य



मुलुकको आर्थिक विकासको लागि कानुन बमोजिम तटस्थ राजस्व सङ्कलन गरी आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन राजस्व सङ्कलनसँग सम्बन्धित निकायहरू सक्षम र प्रभावकारी हुनुपर्दछ। राजस्व चुहावट हुन नदिन, नियन्त्रण र रोकथाम कार्यलाई प्रभावकारी बनाउन विभागले सञ्चालन गरेका क्रियाकलापहरू सार्थक, विश्वासयोग्य र नतिजा उन्मुख देखिएका छन्।

राज्य सञ्चालन, विकास र समृद्धिको मूल आधार राजस्व हो। सुशासन, विकास, समृद्धि एवम् सार्वजनिक व्यवहारलाई मर्यादित एवम् व्यवस्थित रूपमा सञ्चालनको प्रमुख स्रोत नै राजस्व भएकोले यसको प्रभावकारी सङ्कलन र परिचालनबाट मात्रै राज्यको प्रशासनिक र विकासात्मक कार्यहरूले अपेक्षित गति लिन सक्दछन्। राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक स्रोतको उचित परिचालनका लागि कर कानुनहरूको पूर्ण कार्यान्वयन हुनुपर्दछ। देशमा सञ्चालित आर्थिक गतिविधिको अनुपातमा राजस्व सङ्कलन हुन नसक्दा वित्तीय स्रोतमा सङ्कुचन आई यसबाट मुलुकको आर्थिक, सामाजिक एवम् विकास गतिविधि सञ्चालनमा बाधा पुग्ने, प्रतिस्पर्धात्मक वातावरण र क्षमतामा ह्रास आई लगानीमैत्री वातावरणमा प्रतिकूल असर पर्ने देखिन्छ। कुशलतापूर्वक स्रोत परिचालन गरी सुदृढ व्यवस्थापनबाट मात्रै राज्यका आर्थिक गतिविधिहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिने भएकोले राजस्व चुहावट नियन्त्रण गरी राजस्व परिचालनलाई उच्च, फराकिलो र दिगो बनाउनु आजको आवश्यकता हो। पारदर्शी व्यावसायिक गतिविधि, तटस्थ राजस्व सङ्कलन र वित्तीय सुशासन सहितको समृद्धि हासिल गर्ने उद्देश्यका साथ राजस्व अनुसन्धान विभागले राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन नियन्त्रणमा आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

कुल गार्हस्थ उत्पादन र राजस्वको अनुपातमा क्रमशः वृद्धि हुँदै गए तापनि औपचारिक रूपमा करको दायरामा आई कारोबार गर्ने करदाताको सङ्ख्या न्यून रहेको देखिन्छ। दर्ता गरी करको दायरामा आएकाको पनि सम्पूर्ण कारोबार दायरामा नआउने, करको औपचारिकता पूरा गर्न बुझाउनुपर्ने विवरण नै नबुझाउने, बुझाए पनि सही विवरण नबुझाउने, कारोबार कम देखाउने, राजस्व दाखिला कम गर्ने एवम् राजस्व दाखिला नै नगर्नेको सङ्ख्या ठूलै रहेको छ। गैरकर क्षेत्र विस्तार हुँदै जाँदा यसमा राजस्व चुहावट जोखिमको सम्भावना पनि उत्तिकै देखिन्छ। एकातर्फ कर छल्ने, चुहावट गर्ने प्रवृत्तिले जरा गाडेको छ भने अर्कोतर्फ अर्थतन्त्रको ठूलो हिस्सा करिब ४५ प्रतिशत अनौपचारिक आर्थिक क्रियाकलापले ओगटेको छ। यसतर्फ सजग भई राजस्व चुहावट र यसको जोखिम न्यूनीकरण गर्न विभाग र मातहतलाई थप सजग, सुदृढ र सक्षम बनाउन आवश्यक छ।

प्रदेश र स्थानीय तहले ठूलो परिमाणमा राजस्व सङ्कलन गर्ने तर ती क्षेत्रहरू अनुसन्धानको प्रत्यक्ष दायराभित्र नपरेकोले ती क्षेत्रहरूबाट हुने राजस्व चुहावट नियन्त्रण गर्नु थप चुनौतीको रुपमा रहेको छ। साथै, राजस्व छली गरी अस्वस्थ व्यवसायिक प्रतिस्पर्धाको वातावरण सिर्जना हुने, मुलुकको समृद्धिका लागि आवश्यक स्रोत साधनहरू सङ्कुचित बन्न जाने र समग्र राज्य प्रणालीप्रति अविश्वास सिर्जना हुन सक्ने जोखिम समेतलाई न्यूनीकरण गर्न समेत राजस्व अनुसन्धान विभागले प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक रणनीतिहरू अख्तियार गरी आफूलाई वित्तीय सुशासनको संवाहकको रूपमा स्थापित गराउनु अपरिहार्य छ।

राजस्व अनुसन्धान विभागले नेपाल सरकारबाट मिति २०७६।०३।२३ गते प्रकाशित राजपत्रको सूचना बमोजिम २०७६।०४।०१ गतेदेखि मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (Vehicle & Consignent Tracking SystemVCTS) कार्यान्वयमा ल्याएको छ। यस प्रणालीको कार्यान्वयनबाट व्यवसायिक गतिविधिहरूलाई पारदर्शी बनाउन, प्रचलित कानुनी व्यवस्थाहरूको पूर्ण कार्यान्वयन र व्यवसायिक तथ्याङ्कहरूको दिगो व्यवस्थापन तथा उपयोगमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। यस प्रणालीले जोखिममा आधारित अनुगमन प्रणाली अवलम्बन गर्न, पारदर्शी व्यवसायिक वातावरण निर्माण गर्न र व्यापार सहजीकरणमा योगदान पुर्याउन सक्षम हुने अपेक्षा गरिएको छ।

भविष्यमा राजस्व चुहावटका गतिविधिहरूलाई नियन्त्रण गरी राजस्व परिचालन अभिवृद्धि गर्ने र स्वच्छ पारदर्शी अर्थतन्त्रको निर्माणमार्फत् विकास, समृद्धि र सुशासनको चाहना पूरा गराउन राजस्व अनुसन्धान विभागलाई नीति, कानुन, संगठन संरचना एवम् जनशक्ति, सूचना प्रविधि तथा अन्य भौतिक स्रोत साधनले सबल र सक्षम बनाई Econoic Intelligence Agency को रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

अन्त्यमा, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३९ मा भएको व्यवस्था अनुरूप विभाग र अन्तर्गत ४ वटा कार्यालयहरूले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका प्रमुख कार्यहरूलाई समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ। प्रस्तुत प्रतिवेदन आर्थिक क्षेत्रसँग सरोकार राख्ने व्यक्ति, निकाय, संघ संस्था तथा सम्बद्ध सबैका लागि उपयोगी हुने विश्वास लिएको छु। आशा छ यसमा समावेश भएका विषयवस्तु, सूचना, जानकारी, तथ्य तथ्याङ्क भविष्यका कार्यका लागि संस्थागत स्मरण institutional memory मात्र रहने छैनन्, विभाग र मातहतका कार्यालयहरुलाई थप व्यवस्थित पारदर्शी, अनुमानयोग्य र नतिजामूलक कार्य गर्ने प्रेरणाका स्रोत बन्नेछन्। आर्थिक वर्ष २०८१/८२ मा कुशलतापूर्वक कार्यसम्पादन गरी विभागको साख उच्च बनाउन योगदान गर्ने तथा प्रतिवेदन तयारीमा संलग्न कर्मचारी तथा तयारी समितिका सदस्यहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**तीर्थराज चिलुवाल**
**महानिर्देशक**

# विषयसूची

**महानिर्देशकको मन्तव्य ........ II**

**विषयसूची ........ IV**

**कार्यकारी सारांश ........ VII**

**परिच्छेद -१ राजस्व अनुसन्धान विभागको परिचय ........ १**

१.१ विषय प्रवेश ........ १

१.२ विभागको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी कानुनी व्यवस्थाः ........ ३

१.३ विभागको लक्ष्य : ........ ३

१.४ विभागको उद्देश्य ........ ४

१.५ विभागको रणनीति ........ ४

१.६ राजस्व अनुसन्धान विभागको कार्यक्षेत्र ........ ५

१.७ विभागको कानुनी अधिकार क्षेत्र ........ ७

*क. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७० ........ ८*

*ख. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२० ........ ८*

*ग. राजस्व प्रशासनसँग सम्बन्धित अन्य ऐन तथा नियमावलीहरू ........ ८*

१.८ विभागको अनुसन्धान तथा अभियोजन प्रणाली ........ ९

*क. सूचना विश्लेषण ........ १०*

*ख. प्रारम्भिक अनुसन्धान ........ १०*

*ग. विस्तृत अनुसन्धान, छानबिन र प्रतिवेदन ........ ११*

*घ. मुद्दा दायर र फैसला ........ १२*

१.९ विभागको आन्तरिक कार्यविभाजन ........ १४

१.१० विभागको संगठन संरचना र जनशक्ति तेरिज ........ १८

१.११ विभाग र अन्य निकायबीचको अन्तरसम्बन्ध : ........ २७

१.१२ बजेट व्यवस्थाः ........ २९

**परिच्छेदः २ विभागबाट सम्पादित अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यको विश्लेषण ........ ३१**

२.१. उजुरी/सूचनाहरू ........ ३१

२.२ प्रारम्भिक छानबिनबाट भएको कारबाही ........ ३३

२.३ प्रारम्भिक अनुसन्धानबाट तामेलीमा गएका सूचनाको विवरण ........ ३५

२.४ विस्तृत अनुसन्धान ........ ३५

२.५ मुद्दा दायर ........ ३८

२.६. आर्थिक वर्ष २०८१/८२ मा दायर भएका केही प्रतिनिधि मुद्दाको संक्षिप्त विवरण ............ ४८
२.७. मुद्दा फैसला र पुनरावलोकन.................................................................................................. ५२
२.७.२. मुद्दा फैसला र अनुसन्धानको प्रभावकारिता ........................................................................ ६५

**परिच्छेद ३ राजस्व चुहावट नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक प्रयासहरू ....................... ६९**

३.१. निरोधात्मक कार्यहरू......................................................................................................... ६९
३.२ प्रवर्द्धनात्मक कार्यक्रम........................................................................................................ ७३

**परिच्छेद ४ संस्थागत सुदृढीकरणमा विभागको क्रियाशीलता.............................................. ७६**

४.१.वार्षिक समीक्षा कार्यक्रम ...................................................................................................... ७६
४.२. जनशक्ति विकास सम्बन्धी कार्यहरू ...................................................................................... ७६
४.४.अन्तराष्ट्रिय सम्मेलन गोष्ठी एवम् तालिममा सहभागिता सहकार्य एवम् समन्वयः.................. ७७
४.५ पुरस्कार प्रोत्साहन प्रदान ..................................................................................................... ७७
४.६ विभागको पञ्च वर्षीय रणनीतिक योजना (२०७८/७९-२०८२/८३) तर्जुमा तथा कार्यन्वयन ७७
४.७ विभागको प्रणालीगत क्षमता विकासका कार्यक्रमहरू ............................................................. ७७
४.८ विभागको भौतिक पूर्वधार विकास सम्बन्धी कार्यहरू............................................................... ७८

**परिच्छेद ५ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VEHICLE & CONSIGMENT TRACKING SYSTEM, VCTS) को कार्यान्वयन अवस्थाको विष्लेषण...................................................... ७९**

५.१ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को परिचय ..................................... ७९
५.२ VEHICLE & CONSIGMENT TRACKING SYSTEM कार्यान्वयनको नीतिगत आधार ................ ८०
५.३ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS)को आवश्यकता/औचित्यता .................... ८०
५.४. मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को सफल कार्यान्वयनको लागि भएका प्रयासहरू................................................................................................................ ८१
५.५ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को कार्यान्वयन अवस्था ....................... ८२
५.६ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को अनुगमन तथा कारबाही .................. ८२
५.७.प्रणाली कार्यान्वयका लागि सम्बोधन गर्नुपर्ने चुनौतीहरू : ....................................................... ८३

**परिच्छेद ६ राजस्व छलीमा पहिचान गरिएका मुलभूत प्रवृत्ति/समस्याहरु ............................... ८४**

६.१. भन्सार नाका क्षेत्र ............................................................................................................ ८५
६.२. भन्सार नाका बाहिरका क्षेत्र ................................................................................................ ८६
६.३. आन्तरिक बजार क्षेत्र ......................................................................................................... ८६
६.४. वस्तु व्यापारतर्फ.................................................................................................................. ८७
६.५. सामान्य उद्योग क्षेत्रतर्फ ....................................................................................................... ८७
६.६. सेवा व्यापार क्षेत्रतर्फ ........................................................................................................... ८८

६.७. लगानीतर्फ ........ ८९
६.८. रोजगारी आयतर्फ ........ ८९
६.९. विदेशी विनिमय क्षेत्र ........ ९०
६.१० विशेष जोखिम ........ ९०

**परिच्छेद ७ विभागको सोच, गन्तव्य र आगामी मार्गचित्र ........ ९१**

क. नीतिगत मार्गचित्र ........ ९१
ख. संगठनात्मक क्षमता अभिवृद्धि ........ ९२
ग. वैज्ञानिक कार्यशैलीको अवलम्बन ........ ९३

**अनुसूचीहरु ........ I**

अनुसूची १: राजस्व अनुसन्धान विभागमा कार्यरत कर्मचारीहरु ........ I
अनुसूची २ : राजस्व अनुसन्धान विभागका मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरु ........ VI
अनुसूची ३ विभागको नागरिक वडापत्र ........ XII
अनुसूची ४ आ.व. २०८२/८३ को माइलस्टोन तथा वार्षिक कार्ययोजना ........ XIX
अनुसूची ५ प्रकाशित सूचनाहरू ........ २५

**सन्दर्भ सामग्री ........ २६**

**तस्विरहरु ........ २७**

# कार्यकारी सारांश

१. राजस्व चुहावट नियन्त्रणको माध्यमबाट स्वेच्छिक कर सहभागिताको अनुकुल वातावरण सिर्जना गरी स्वस्थ अर्थतन्त्रको निर्माणमा योगदान पुऱ्याउने विभागको सोच रहेको छ। साथै, आर्थिक अपराध नियन्त्रण एवम् सुशासन कायम गर्न सघाउ पुऱ्याउने विभागको लक्ष्य रहेको छ। प्रचलित नेपाल कानुनले प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण प्रयोग एवम् पालना गरी प्रमाणमा आधारित अनुसन्धान पद्धतिको विकास गर्न, प्रभावकारी आर्थिक सूचना सङ्कलन, विश्लेषण र उपयोग गर्ने प्रणालीलाई प्रभावकारी बनाउँदै पारदर्शी एवम् स्वच्छ अर्थतन्त्रको निर्माण, उत्तरदायी एवम् व्यावसायिक प्रशासनको संस्थागत विकासमा सघाउ पुऱ्याउन र राजस्व चुहावट एवम् आर्थिक अपराध नियन्त्रणका लागि आफ्ना उद्देश्य प्राप्तिमा विभाग केन्द्रित रहेको छ।

२. राजस्व चुहावट नियन्त्रण गर्ने सबैभन्दा बढी भरपर्दो माध्यम सूचना प्रणाली हो। विगतमा आफ्नो सूचना प्रणाली नहुँदा Economic Intelligence मा विभाग निकै कमजोर थियो। हालसम्म पनि भन्सार विभाग र आन्तरिक राजस्व विभागमा भएका सूचना प्रणाली (ASYCUDA World System र ITS) मा सीमित पहुँच प्राप्त छ। त्यसैले, यस्ता प्रणाली र यस विभागको VCTS समेतको अन्तरआबद्धता गरी एकीकृत प्रणाली निर्माण तथा कार्यान्वयनउन्मुख छ। राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन ICT र यसको Networking एवम् Integrated System मा पहुँच हुनै पर्दछ।

३. आन्तरिक तथा बाह्य सूचनाका स्रोतहरूको भरपर्दो रूपमा प्राप्ति तथा नीति अवलम्बन गरी विभिन्न स्रोतबाट सूचना लिई सूचनाको विश्लेषण गरी गम्भीर प्रकृतिका भन्सार राजस्व चुहावटमा ध्यान केन्द्रित गरिएको छ।

४. विदेशी विनिमय अपचलनको कसुरमा १२० वटा मुद्दामा १८४ जनालाई प्रतिवादी बनाई १ अर्ब ३९ करोड ७६ लाख रुपैयाँ बिगो कायम गरी बिगोको तेब्बरसम्म जरिवाना एवम् ३ वर्षसम्म कैद माग दावी लिई विभिन्न जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ भने यसबाट राजस्व परिचालन र विप्रेषण आय प्राप्तिमा सकारात्मक प्रभाव परेको छ।

५. आ.व. २०८१/८२ मा राजस्व चुहावटको कसुरमा ५२ वटा मुद्दामा १७३ जना विरूद्ध राजस्व चुहावटको कसुरमा २ अर्ब ६४ करोड ६३ लाख रुपैयाँ बिगो र सोको शतप्रतिशत जरिवाना असुल उपर गर्ने गरी सजाय समेत माग दावी लिई विभिन्न जिल्ला अदालत तथा उच्च अदालतमा मुद्दा दायर गरिएको छ।

६. राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन स्वस्थ व्यवसायिक प्रतिस्पर्धा कायम गरी अनौपचारिक आर्थिक कारोबारलाई औपचारिकतर्फ जान

दवाव सिर्जना गर्न, स्वेच्छिक कर सहभागिता बढाई कराधारलाई विस्तार गर्न, Digital Nepal को अवधारणालाई सहयोग पुऱ्याउन, आर्थिक सुशासन प्रवर्द्धन गर्न, सूचना र प्रविधिको प्रयोग गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको दफा १३ग मा २०७१ सालबाटै भएको व्यवस्था र २०७६।०७७ को बजेटमा व्यवस्था भए अनुसार व्यवसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System — VCTS) तयार गरी २०७६ श्रावण १ गतेबाट लागू भई सञ्चालनमा रहेको छ।

७. VCTS प्रणालीको विकास र कार्यान्वयनमा निजी क्षेत्रको सकारात्मक र निरन्तर सहयोग रहेको छ। हालसम्म २ लाख ९९ हजार भन्दा बढी प्रयोगकर्ता बनिसकेका छन्। दैनिक ३२ हजार कन्साइन्मेन्टहरू प्रणालीमा प्रविष्ट भइरहेका छन्। साथै, उक्त मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System-VCTS) को प्रभावकारी कार्यान्वयन गर्न विभाग तथा चारवटा अनुसन्धान कार्यालयहरूबाट विभिन्न टोली बनाई चौबीसै घण्टा छड्के अनुगमनको लागि विभिन्न स्थानमा खटाइने गरिएको छ।

८. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा सामयिक संशोधन गर्ने विधेयक संघीय संसदबाट स्वीकृत भई २०७६ माघ २८ मा प्रमाणीकरण भएपश्चात् कार्यान्वयनमा आएको थियो। त्यसपछि २०८१ सालमा समेत उक्त ऐनमा केही विषय संशोधन भई संशोधित व्यवस्था कार्यान्वयनमा आएका छन्।

९. केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ समेत संशोधन भई विभागले तीन करोड रुपैयाँसम्मको राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल वा अन्य गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने तथा मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिवाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा विभागले बिगो र लाग्ने जरिवाना रकम असुल गरी मुद्दा नचलाउने निर्णयको लागि सरकारी वकील कार्यालयलाई पेश गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी, मिलापत्र गराईपाऊँ भनी निवेदन दिएमा मिलापत्र हुनसक्ने व्यवस्था समेत संशोधनले गरेको छ।

१०. मालसामान चोरी, निकासी, पैठारी तथा आन्तरिक ओसारपसारको क्रममा हुने चुहावट नियन्त्रण गर्न विभाग र अन्तर्गतका कार्यालयहरूबाट गत आ.व. २०८१/८२ को अवधिमा २३६६ वटा नियमित, २६१ वटा आकस्मिक र २४४ द्रुत गस्ती गरी कुल २८७१ वटा गस्तीहरू सम्पन्न भएका छन्।

११. मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (VCTS) अनुगमनबाट कुल रु. ४ करोड ४१ लाख १४ हजार जरिवाना गरिएको अवस्था छ।

१२. राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणको सम्बन्धमा प्रवर्द्धनात्मक कार्य अन्तर्गत विभिन्न ७ वटा नागरिक सचेतना तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएका छन् जसमा करिब छ सय जनाले भाग लिएका थिए।

१३. यस विभागमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाउन स्वदेश तथा विदेशस्थित विभिन्न निकायबाट सञ्चालित कार्यक्रम तथा गोष्ठीहरूमा यस विभागमा कार्यरत विभिन्न कर्मचारीहरूले सहभागिता जनाएका छन।

१४. हाल विभागले राजस्व चुहावटको अनुसन्धान तहकिकातसँगै सम्बद्ध विभाग तथा निकायको समन्वय र नेटवर्किङमा सम्पत्ति शुद्धीकरणको समेत अनुसन्धान गर्न थालेको छ। यस प्रकारको अनुसन्धान तहकिकात, विभागका लागि आफैमा नवीनतम् कार्य भएकोले सरोकारवाला निकाय तथा क्षेत्रहरूसँगै निरन्तर छलफल, समन्वय गरिएको छ। यसका लागि विभाग र मातहतका कर्मचारीहरूको क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रममा जोड दिइएको छ।

# परिच्छेद -१
# राजस्व अनुसन्धान विभागको परिचय

## १.१ विषय प्रवेश

सुशासन, विकास, समृद्धि एवम् सार्वजनिक व्यवहारलाई मर्यादित एवम् व्यवस्थित रूपमा सञ्चालन गर्न राजस्वको आवश्यकता पर्दछ। राजस्व राज्यको आर्थिक तथा सामाजिक क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्रोत भएकोले यसको प्रभावकारी परिचालनबाट मात्रै राज्यको प्रशासनिक र विकासात्मक कार्यहरू सहज ढङ्गबाट अगाडि बढाउन सकिन्छ। राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक वित्तीय साधन स्रोतको उचित रूपमा परिचालन हुन कर कानुनहरूको कडाईका साथ कार्यान्वयन हुनुपर्दछ। सो हुन नसक्दा राजस्व चुहावटको अवस्था सिर्जना हुन्छ।

देशमा सञ्चालित आर्थिक गतिविधिको अनुपातमा राजस्व सङ्कलन हुन नसक्दा वित्तीय स्रोतमा सङ्कुचन आई यसबाट मुलुकको आर्थिक, सामाजिक एवम् विकास गतिविधि सञ्चालनमा बाधा पुग्ने, प्रतिस्पर्धात्मक वातावरण र क्षमतामा ह्रास तथा लगानीमैत्री वातावरणमा प्रतिकूल असर पर्न जान्छ। कुशलतापूर्वक स्रोत परिचालन गरी सुदृढ व्यवस्थापनबाट मात्रै राज्यका आर्थिक गतिविधिहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिने भएकोले राजस्व चुहावट नियन्त्रण गरी राजस्व परिचालनलाई उच्च, फराकिलो र दिगो बनाउनु आजको आवश्यकता हो। राजस्व चुहावट जति नियन्त्रण गर्न सक्यो करको दायरा र आधार वृद्धि गर्न सकियो अर्थतन्त्र त्यति बलियो र फराकिलो हुने विकसित देशको अभ्यासले समेत देखाएको छ। त्यसैगरी, अनौपचारिक वा कर/राजस्व बाहिर रहेका आर्थिक क्रियाकलापलाई औपचारिकीकरण गर्नु समेत अर्थतन्त्रको सुदृढीकरणका कारक तत्वका रूपमा रहन्छन्।

सङ्घीय शासन प्रणालीलाई सबल र सुदृढ तुल्याउन ठूलो मात्रामा आन्तरिक स्रोत परिचालनको आवश्यकता पर्दछ। यसको मूल आधार राजस्व सङ्कलन र परिचालन नै हो। कुल गार्हस्थ उत्पादन र राजस्वको अनुपातमा क्रमशः वृद्धि हुँदै गए तापनि औपचारिक रूपमा करको दायरामा आई कारोबार गर्ने करदाताको सङ्ख्या कुल जनसङ्ख्याको सात प्रतिशतको हाराहारीमा मात्र रहेको छ। दर्ता गरी करको दायरामा आई कारोबार गर्नेको पनि सम्पूर्ण कारोबार दायरामा नआउने, करको औपचारिकता पूरा गर्न बुझाउनुपर्ने विवरण नै नबुझाउने, बुझाए पनि सही विवरण नबुझाउने, विवरण बुझाएपनि कारोवार कम देखाउने, राजस्व दाखिला कम गर्ने एवम् राजस्व दाखिला नै नगर्नेको सङ्ख्या ठूलै परिमाणमा रहेको छ। गैरकर क्षेत्र विस्तार हुँदै जाँदा यसमा पनि

चुहावट जोखिमको सम्भावना रहेको छ। प्रदेश सरकार र स्थानीय तहले ठूलो परिमाणमा राजस्व सङ्कलन गर्ने गरेको र ती क्षेत्र विभागको अनुसन्धानको दायराभित्र रहेता पनि अनुसन्धान गर्न सिमित स्रोतका कारण चुनौतीपूर्ण बनिरहेको छ।

मुलुकको आर्थिक विकासको लागि कानुन बमोजिम आवश्यक राजस्व सङ्कलन गरी स्रोत परिचालनलाई बढाउन राजस्व सङ्कलनसँग सम्बन्धित निकायहरू प्रभावकारी हुनुपर्दछ। स्वयम् कर निर्धारण प्रणालीमा स्वेच्छिक कर सहभागितालाई प्रवर्द्धन गर्ने र कानुन कार्यान्वयन गर्ने कार्यमा यी निकायहरूको भूमिका महत्वपूर्ण रहन्छ। राजस्व चुहावट हुन नदिन, नियन्त्रण र रोकथाम कार्यलाई प्रभावकारी बनाउन साविकमा अर्थ मन्त्रालय अन्तर्गत रहेको यस विभागलाई वि.सं. २०७४ साल फागुनदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत ल्याइएको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली, २०७० तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२० बमोजिम राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनसम्बन्धी कसुरमा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने विभागको क्षेत्राधिकार रहेको छ।

आम जनताको चाहनाबमोजिम समृद्ध नेपाल, सुखी जीवन निर्माण गर्न, आर्थिक विकासको गतिलाई तीव्र पार्न आवश्यक पर्ने राजस्व परिचालनलाई प्रभावकारी बनाई कर तथा गैर करका क्षेत्रमा हुने राजस्व चुहावटलाई नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यका साथ विभाग निरन्तर क्रियाशील रहेको छ। प्रचलित कानुनले प्रदान गरेको क्षेत्राधिकारभित्र रही पारदर्शी एवम् स्वच्छ अर्थतन्त्रको निर्माण तथा राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रण गर्ने कार्यलाई सघाउ पुऱ्याउन यस विभागले प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरू अवलम्बन गर्दै आएको छ। यसका लागि विभागले आफ्नो वार्षिक नीति, कार्यक्रम र योजना निर्माण गरी सोही बमोजिम क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ।

देशको वर्तमान अर्थतन्त्र र वित्तीय सुशासनको वस्तुस्थितिलाई गहन विश्लेषण गर्दै राजस्व चुहावटका गतिविधिहरूलाई नियन्त्रण गरी राजस्व परिचालन अभिवृद्धि गर्ने र स्वच्छ पारदर्शी अर्थतन्त्रको निर्माणमार्फत् समृद्धिको चाहना पूरा गराउन राजस्व अनुसन्धान विभागलाई नीति, कानुन, संगठन संरचना एवम् जनशक्ति, सूचना प्रविधि तथा अन्य भौतिक स्रोत साधनले सबल र सक्षम बनाई Economic Intelligence Body को रूपमा विकास गर्नुपर्ने देखिएको छ।

### १.२ विभागको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी कानुनी व्यवस्थाः

राजस्व चुहावट नियन्त्रण कार्यलाई विशिष्टीकृतरूपमा सञ्चालन गर्न वि.सं. २०३४ सालमा अर्थ मन्त्रालयमा राजस्व अनुसन्धान महाशाखाको स्थापना भएको थियो। यस कार्यका लागि छुट्टै समर्पित इकाईको आवश्यकता भएसँगै वि.सं. २०५० सालमा राजस्व अनुसन्धान विभागको गठन भएको हो। २०६७ साल माघ १८ गते नेपाल सरकार (मन्त्रिपरिषद्) बाट राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य गर्न एकीकृत स्वरूपको राजस्व तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन भई तदनुरूपको दरबन्दीसमेत स्वीकृत भएको थियो। पछि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा हुने वित्तीय लगानीलाई निवारण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८/०३/०१ को निर्णयबाट छुट्टै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भएसँगै यस विभागको नाम पुनः राजस्व अनुसन्धान विभाग नै कायम हुन गयो।

विभागलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार जुनसुकै निकाय र विषयका विज्ञ/विशेषज्ञ तथा कर्मचारीलाई राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणको काममा परिचालन गर्नसक्ने व्यवस्था छ। साविकमा अर्थ मन्त्रालय अन्तर्गत रहेको विभाग नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।११।१३ को निर्णयबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत ल्याइएको हो। स्वीकृत संगठन संरचनाअनुसार विभाग मातहतका ४ वटा अनुसन्धान कार्यालयहरू (इटहरी, पथलैया, बुटवल र कोहलपुर) रहेका छन्।

प्रारम्भमा कर राजस्वको चुहावट मात्र अनुसन्धान र कारबाही गर्ने जिम्मेवारी पाएको यस विभागले आ.व. २०६५/०६६ देखि गैरकर राजस्वको समेत अनुसन्धान, तहकिकात र कारबाही गर्दै आएको छ। आफूलाई तोकिएको कार्यसम्पादनका लागि राजस्व अनुसन्धान विभाग र मातहतका कार्यालयहरूमा कुल १४५ जना कर्मचारीहरूको दरबन्दी रहेको छ। विभागले विभिन्न विषयका विशेषज्ञ कर्मचारीहरूलाई काजमा झिकाइ काममा लगाउन सक्ने व्यवस्था राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २६ ले गरेकोले काज तथा करारमा रहने कर्मचारीको सङ्ख्यामा आवश्यकतानुसार थप घट भइरहन्छ।विभाग र मातहतका कार्यालयहरूको जनशक्ति सम्बन्धी विवरण अनुसूचीमा उल्लेख गरिएको छ। साथै, आम नागरिकका लागि विभागबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा जारी गरिएको विभागको नागरिक वडापत्र अनुसूची-३ मा संलग्न छ।

### १.३ विभागको लक्ष्य :

"राजस्व चुहावट नियन्त्रणमार्फत् स्वेच्छिक कर सहभागिताको अनुकूल वातावरण सिर्जना गरी स्वस्थ अर्थतन्त्रको निर्माणमा योगदान पुऱ्याउने।"

## १.४ विभागको उद्देश्य

प्रचलित नेपाल कानुनले प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण प्रयोग एवम् पालना गरी प्रमाणमा आधारित अनुसन्धान पद्धतिको विकास गर्न, प्रभावकारी आर्थिक सूचना सङ्कलन, विश्लेषण र उपयोग गर्ने प्रणालीलाई प्रभावकारी बनाउँदै पारदर्शी एवम् स्वच्छ अर्थतन्त्रको निर्माण, उत्तरदायी एवम् व्यावसायिक प्रशासनको संस्थागत विकासमार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा विभाग केन्द्रित रहेको छः

- कर कानुनको कडाइका साथ परिपालना गराई राजस्व चुहावटमा संलग्न सबैमाथि अनुसन्धान तहकिकात गरी राजस्व चुहावट नियन्त्रण एवम् न्यूनीकरण गर्नु।
- सूचना, ज्ञान र प्रविधिमा आधारित अनुसन्धान पद्धति अवलम्बन गरी अवैध आर्थिक गतिविधिबाट हुने राजस्व चुहावट नियन्त्रण गर्नु।
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान एवम् अभियोजन गरी प्रभावकारी नियन्त्रण गर्नु।
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणमा नीतिगत पृष्ठपोषण गर्नु।
- स्वच्छ, स्वतःस्फूर्त र अवरोधरहित व्यवसायिक क्रियाकलापको प्रवर्द्धनमार्फत लगानीमैत्री अनुकूल वातावरण निर्माणमा सघाउ पुर्याउनु।

## १.५ विभागको रणनीति

तोकिएको कार्यक्षेत्र र लिएका उद्देश्य हासिल गर्न यस विभागले आफ्नो कार्यसम्पादनको सिलसिलामा देहायका रणनीतिहरू अवलम्बन गर्दै आएको छः-

- **प्रवर्द्धनात्मक उपाय (Promotional Measures)**: राजस्व चुहावट गम्भीर अपराध हो भन्ने विषयलाई उद्योगी व्यवसायी र सर्वसाधारण जनतासम्म चेतना फैलाउन गोष्ठी, सेमिनार, अन्तरक्रिया, कार्यशाला, सूचना प्रसारण, संस्थागत सुदृढीकरण, कार्यप्रणाली तथा कार्यविधिमा सुधार गर्ने।
- **निरोधात्मक उपाय (Preventive Measures)**: राजस्व चुहावट हुन नदिन पूर्व सावधानी अपनाउने। राजस्व सङ्कलनका नीति, विधि, प्रक्रिया र व्यवहारमा भएका त्रुटि तथा कमीकमजोरी हटाउन सुझाव दिने। तथ्यमा आधारित भएर शङ्कास्पद कारोबारस्थल र नाकामा निगरानी, अन्तर-निकाय सूचना आदान प्रदान र समन्वय, नियम कानुनको परिपालना, गस्ती परिचालन, आचारसंहिता निर्माण एवम् परिपालन तथा व्यावसायिक कारोबारको अनुगमन गर्ने। सूचना प्रविधिमा आधारित प्रणालीको अवलम्बन गर्ने।
- **उपचारात्मक उपाय (Curative Measures)**: राजस्व चुहावटको गतिविधिको सूचना सङ्कलन, विश्लेषण र राजस्व जोखिम तथा वित्तीय महत्वका आधारमा अनुसन्धान एवम्

अभियोजन गर्ने। राजस्व चुहावटमा संलग्न सबै माथि कठोरतापूर्वक कानुन बमोजिम अनुसन्धान विश्लेषण गरी अदालतमा मुद्दा दायर गर्ने। विदेशी विनिमय अपचलन नियन्त्रण गर्न अनुसन्धान तथा अभियोजन गर्ने।

- **संस्थागत क्षमता विकासः** राजस्व अनुसन्धान विभागले आफ्नो भूमिका र जिम्मेवारीका कार्यहरूलाई प्रभावकारी ढंगले सम्पादन गर्ने गरी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक गरी तीन रणनीतिहरू अवलम्बन गरेको छ। त्यसको अपेक्षित नतिजा प्राप्त गर्नका लागि अन्तरसम्बन्धित रणनीतिको रूपमा संस्थागत क्षमता विकासलाई समेत चौथो रणनीतिको रूपमा लिइएको छ। उक्त रणनितिले निम्न विषय समेट्छः
    - आयोग र मातहतका कार्यालयमा कम कागजयुक्त शासकीय प्रणाली लागू गर्ने,
    - डिजिटल उपकरणको प्रयोगलाई प्रभावकारीरूपमा लागु गर्ने, गराउने विभागको संगठनात्मक संरचनालाई समयानुकूल सुदृढ बनाउने।
    - विभागको मानवस्रोत विकास तथा उपयोगसम्बन्धी कार्यविधि तथा मापदण्ड बनाउने।
    - राजस्व चुहावटजन्य कार्यको अनुसन्धान, तहकिकात र अभियोजनका चरणहरूमा आवश्यक पर्ने ज्ञान, सीप र अन्तर्राष्ट्रिय असल अभ्यासहरूको बढीभन्दा बढी उपयोग गर्ने गरी विभागको जनशक्तिलाई क्षमतायुक्त बनाउने।विभागको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली सुदृढ गर्ने।
    - अनुसन्धान प्रक्रियामा विभागले अवलम्बन गरेका अभ्यास, नीति, सिद्धान्त, प्रशिक्षण सामग्री जस्ता स्रोतहरूको विद्युतीय अभिलेख तयार गर्ने।
    - विभाग र अन्तर्गतका कार्यालयमा सूचना तथा प्रलेखस्रोत केन्द्रको सुदृढीकरण र भौतिक पूर्वाधार विकास तथा विस्तार गर्ने लगायत।

## १.६ राजस्व अनुसन्धान विभागको कार्यक्षेत्र

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली, २०७० र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा नियमावली, २०२० ले राजस्व अनुसन्धान विभागलाई कर तथा गैर कर राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन नियन्त्रण सम्बन्धमा अनुसन्धान गर्ने र अभियोजन गर्ने मूल जिम्मेवारी तोकेको छ। त्यसैगरी, पछिल्लो समय राजस्व चुहावट सम्बद्ध कसूर/उजुरीमा सम्पत्ति शुद्धीकरणको अनुसन्धान र अभियोजन गर्ने अधिकार समेत विभागलाई रहेको छ। प्रचलित राजस्व सङ्कलनसँग सम्बन्धित सङ्घीय कानुनबमोजिम राज्यलाई प्राप्त हुनुपर्ने राजस्व प्राप्त भयो भएन भन्ने सम्बन्धमा यस विभागले प्राप्त कानुनी क्षेत्राधिकार भित्र रही राजस्व चुहावट तथा विदेशी

विनिमय अपचलन नियन्त्रणको लागि निम्नानुसारका मुख्य-मुख्य कार्यहरू सम्पादन गर्दै आएको छः

- कुनै व्यक्ति वा निकायले राजस्व चुहावट गरेको भन्ने मनासिब माफिकको आधार भएमा वा शङ्का लागेमा उक्त व्यक्ति वा निकायको घर, गोदाम, उद्योग, कारखाना, कारोबारस्थल, सवारी साधन आदिमा खानतलासी गर्ने, आरोपित व्यक्तिलाई नियन्त्रणमा लिने, मालसामान वा कागजात कब्जामा लिने, सिलबन्दी गर्ने, रोक्का गर्ने लगायत अन्य आवश्यक कार्यहरू गरी अनुसन्धान गर्ने।
- कुनै व्यक्ति वा निकायले राजस्व चुहावट गरेको वा राजस्व चुहावट गर्न सघाई मतियार बनेको पाइएमा विस्तृत अनुसन्धान प्रतिवेदन तयार गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार सम्बन्धित उच्च अदालतमा मुद्दा दायर गर्ने।
- राजस्व चुहावट भएको सूचना प्राप्त भई अनुसन्धान गर्दा प्रचलित कानुन बमोजिम निर्धारण गर्नुपर्ने राजस्व निर्धारण गरी असुल गर्नुपर्ने देखिएमा असुल गर्न वा राजस्व निर्धारणमा भएको गल्ती वा त्रुटि सच्याउन सम्बन्धित निकायमा लेखी पठाउने।
- निकासी/पैठारी तथा आन्तरिक ओसारपसारको क्रममा हुने राजस्व चुहावट नियन्त्रणको लागि सम्भावित जोखिम क्षेत्रहरूमा द्रुत गस्ती, नियमित गस्ती तथा आकस्मिक गस्ती परिचालन गरी राजस्व चुहावट नियन्त्रण मार्फत आर्थिक समृद्धि हासिल गर्न योगदान गर्ने।
- राजस्व चुहावट नियन्त्रणको लागि सुराकी परिचालन गरी सूचना सङ्कलन गर्ने।
- कर तथा गैरकर राजस्व चुहावट र छली नियन्त्रणको लागि चुहावटका नवीनतम् प्रवृत्तिहरूको पहिचान गर्ने र जोखिममा आधारित (Risk Based) सूचना सङ्कलन तथा विश्लेषण गरी सूचना भण्डार (Data Bank/Inventory) निर्माण गर्ने।
- राजस्व सङ्कलन गर्ने व्यक्ति तथा निकायहरूले अपनाउने प्रक्रियामा भएको कमी कमजोरीबाट राजस्व चुहावट भएको पाइएमा त्यस्तो प्रक्रियामा सुधार गर्न सम्बन्धित निकायमा लेखी पठाउने।
- विदेशी विनिमयको अवैध रूपमा हुने सङ्कलन, सञ्चय, ओसारपसार, अपचलन तथा अवैध कारोबारउपर निगरानी गर्ने र अनुसन्धानबाट दोषी पाइएमा मुद्दा दायर गर्ने।
- राजस्व चुहावट हुन सक्ने क्षेत्रहरूको पहिचान गरी सो बारेमा सजगता अपनाउन राजस्व असुल गर्ने कार्यमा संलग्न सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण गराउने।
- राजस्व चुहावट नियन्त्रणको लागि अन्य निकायबाट प्राप्त सूचनाको विश्लेषण, परीक्षण गरी उपयोग गर्ने। राजस्व चुहावटको कसुरमा सुरक्षा निकायहरूबाट पक्राउ गरी पेश

भएका व्यक्ति तथा मालसामानहरूको सम्बन्धमा अनुसन्धान तथा आवश्यक कारबाही गर्ने।

- राजस्व चुहावट नियन्त्रणको लागि सूचना प्रवाह गर्ने, सरोकारवाला निकायहरूसँग बैठक, सूचना आदान प्रदान, समन्वय र सहकार्य गर्ने।
- राजस्व चुहावट नियन्त्रण गर्न मौजुदा ऐन, नियम तर्जुमा वा संशोधन गर्नुपर्ने भएमा नेपाल सरकारलाई आवश्यक राय सुझाव दिने।
- संस्थागत सुदृढीकरण, भौतिक पूर्वाधार विकास, कर्मचारीको क्षमता विकास तथा प्रभावकारिता अभिवृद्धि गर्दै नीतिगत तथा प्रणालीगत सुधारका लागि पहल गर्ने।
- राजस्व चुहावट सम्बद्व कसूरमा सम्पत्ति शुद्धीकरण भए नभएको समेत अनुसन्धान तहकिकात तथा अभियोजन गर्ने ।

**१.७ विभागको कानुनी अधिकार क्षेत्र**

राजस्व अनुसन्धान विभागले कार्यसम्पादनका सिलसिलामा देहायका कानुनहरू प्रयोग गरी अनुसन्धान तथा अभियोजन गर्दै आएको छ,

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०(संशोधन सहित),
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा नियमावली, २०२०,
- उक्त कानुनहरुका अलावा सङ्घीय सरकारको राजस्व प्रशासनसँग सम्बन्धित देहायका कानुनहरू पनि विभागको कार्यसम्पादनसँग अन्तरसम्बन्धित रहेका छन्,
- सालबसाली आर्थिक ऐन,
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३
- आयकर ऐन, २०५८ तथा नियमावली, २०५९
- अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९
- भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४
- भन्सार महसुल ऐन, २०५२ तथा नियमावली, २०५३
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६
- गैरकरको हकमा गैरकरसँग सम्बन्धित ऐनहरू तथा सोसँग सम्बन्धित नियमहरू विभागको कार्यसम्पादनमा प्रयोग हुने गर्दछन्।

विभागको कार्यसम्पादनसँग सम्बन्धित महत्वपूर्ण कानुनहरूको संक्षिप्त जानकारी देहाय वमोजिम रहेको छ।

**क. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०**

राजस्व अनुसन्धान विभागको कार्यक्षेत्रलाई स्पष्टता दिइ विभागको अनुसन्धानात्मक, नियन्त्रणात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने आधार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७० ले प्रदान गरेको छ। सर्वसाधारण जनताको हित र समृद्धिको अपेक्षा तथा बढ्दो आकांक्षाहरूलाई सम्बोधन गर्न देशको आर्थिक विकासलाई द्रुततर रूपमा अगाडि बढाउन राजस्व चुहावटलाई प्रभावकारी नियन्त्रण गरी अधिकाधिक राजस्व परिचालन गर्न प्रस्तुत ऐनले विभागलाई अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। मूलतः कर तथा गैरकर राजस्व क्षेत्रमा हुने चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण तथा रोकथाम गर्न यस ऐनले विभागलाई अधिकार दिएको छ। यो ऐनमार्फत राजस्व चुहावटको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित निकायमा कारबाहीका लागि लेखी पठाउने वा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्ने अधिकार विभागले प्राप्त गरेको छ।

**ख. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२०**

विदेशी विनिमयको प्रयोगलाई व्यवस्थित र नियमित गरी आर्थिक अपराधमुक्त राज्य निर्माणको लागि उक्त ऐनले प्रत्याभूत गरेको अनुसन्धान अधिकारीको व्यवस्था कार्यान्वयन गर्ने जिम्मेवारी विभागलाई रहेको छ। विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम विदेशी मुद्राको अपचलन र अवैध कारोबारको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने अधिकार मिति २०७५/०५/३१ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रकाशित सूचना अनुसार यस विभाग र मातहतका ४ वटै कार्यालयहरूलाई रहेको छ। साथै, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, भन्सार कार्यालय तथा अन्य निकाय वा व्यक्तिबाट प्राप्त सूचना वा दाखिला भएको विदेशी विनिमय अपचलनसम्बन्धी कसुरको विस्तृत अनुसन्धान गरी सम्बन्धित जिल्ला न्यायाधिवक्ताको राय/परामर्शको आधारमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्दछ।

**ग. राजस्व प्रशासनसँग सम्बन्धित अन्य ऐन तथा नियमावलीहरू**

विभागलाई सङ्घीय कानूनबमोजिम नेपाल सरकारले सङ्कलन गर्ने राजस्व चुहावटको सम्बन्धमा अनुसन्धान तहकिकात तथा अभियोजन गर्ने जिम्मेवारी तोकिएको छ। त्यसैले, राजस्व अनुसन्धान विभागको कार्सम्पादनमा नेपाल सरकारले राजस्व प्रशासनसँग जोडिएका आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा भन्सार महसुलसँग सम्बन्धित ऐन कानुनहरू र गैरकरसँग सम्बन्धित अन्य निकायले प्रयोग गर्ने ऐन नियमहरू अनुरूप राजस्व सङ्कलन भए नभएको, कानुनको पालना भए नभएको सम्बन्धमा अध्ययन, छानबिन र विश्लेषण गरी कर तथा गैरकर राजस्व चुहावट भएको पाइएमा आवश्यक अनुसन्धान गर्दछ। त्यसैगरी, सम्पत्ति

शुद्धीकरण निवारण ऐन र नियमावली तथा सम्बद्ध कानून बमोजिम राजस्व चुहावटसँगै सम्पत्ति शुद्धीकरण भएको वा हुन सक्ने अवस्थाका विषयमा समेत अनुसन्धान तहकिकात र अभियोजन गर्ने अधिकार समेत विभागलाई रहेको छ।

## १.८ विभागको अनुसन्धान तथा अभियोजन प्रणाली

विभागले सम्पादन गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले देहायअनुसारको कार्यसम्पादन प्रणाली अवलम्बन गरिएको छ :-

**विभागको अनुसन्धान तथा अभियोजन प्रणाली**




### क. उजुरी दर्ता वा सूचनाको सङ्कलन

जुनसुकै प्रकारको अनुसन्धान प्रक्रियाको लागि उक्त विषयसँग सम्बन्धित विभिन्न प्रकारका सूचना वा तथ्यको जानकारी आवश्यक पर्दछ। यस विभागले विभिन्न प्रक्रियाबाट राजस्व चुहावट भए नभएको सम्बन्धमा सूचना सङ्कलन गर्ने गर्दछ। सूचना सङ्कलन विभागको आफ्नै सूचना प्रणाली तथा बाह्य व्यक्ति वा निकायबाट प्राप्त हुने गर्दछ। यसरी विभागमा प्राप्त हुने सूचना वा जानकारीको सत्यता, गाम्भीर्यता, जोखिम, प्रभाव, प्रमाण, कानुनी व्यवस्था, क्षेत्राधिकार लगायतका विषयमा वस्तुगत एवम् तथ्यगत अध्ययन र विश्लेषण गरिन्छ। विभाग र मातहत कार्यालयहरूको सूचना सङ्कलनका स्रोतहरू मूलतः २ प्रकारका छनः

१.बाह्य स्रोत

सुराकी, पत्रपत्रिका, रेडियो, टेलिभिजनजस्ता सञ्चारका माध्यमहरू, सरोकार समूहहरू, नियमनकारी निकायहरू, संसदीय समितिका निर्देशनहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल सरकारका मन्त्रालयहरू, राष्ट्र बैंक अन्तर्गत वित्तीय जानकारी ईकाइ (FIU)का जोखिमको सूचकका आधारमा विश्लेषण गरिएका आन्तरिक राजस्व विभाग तथा भन्सार विभागको सूचना सञ्जालबाट उपलब्ध तथ्याङ्क तथा सूचनाहरू र विभिन्न व्यक्तिहरू/संस्थाहरूबाट प्राप्त सूचनाहरू, विभिन्न वेबसाईटहरू, विभिन्न प्रकाशन तथा प्रतिवेदन लगायत।

२. आन्तरिक स्रोत

स्थलगत अध्ययनबाट विभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरूले सङ्कलन गरेका सूचनाहरू, विभाग, मातहत कार्यालयहरूबाट बजार तथा राजमार्ग अनुगमन गर्दा प्राप्त सूचनाहरू, नियमित वा आकस्मिक वा द्रुतगस्ती परिचालनबाट प्राप्त सूचनाहरू र आकस्मिक निरीक्षणको क्रममा र विभागले अपनाएका अन्य रणनीतिहरू एवम् अनुसन्धानको क्रममा उपलब्ध भएका सूचना तथा प्रमाणहरू।

क. सूचना विश्लेषण

विभिन्न स्रोतहरूमार्फत प्राप्त राजस्व चुहावटजन्य सूचनाहरूलाई राजस्व जोखिम परिसूचकहरूको आधारमा विश्लेषण गर्ने गरिन्छ। विश्लेषण गर्ने सन्दर्भमा सूचनाको सत्यता तथा आधिकारिकता जाँच गरी आरोपित व्यक्ति/फर्म/कम्पनीको सम्बन्धमा अन्य क्षेत्रबाट समेत आवश्यकतानुसार सूचना सङ्कलन गरी कारोबारको प्रकृति, स्थान, व्यावसायिक नीति, सम्बद्ध अन्य संस्थासँगको सम्बन्ध लगायतका विषय एवम् वित्तीय अनुपात समेतका आधारमा प्रारम्भिक अनुसन्धानका लागि सूचना विश्लेषण गर्ने गरिन्छ।

ख. प्रारम्भिक अनुसन्धान

प्राप्त सूचना एवम् वित्तीय कारोबार जस्ता विषयको गहन विश्लेषण गरी राजस्व चुहावटका सम्बन्धमा प्राप्त सूचनाको आन्तरिक तथा गोप्यरूपमा अध्ययन, अवलोकन, लेखाजोखा, परीक्षण तथा विश्लेषण गर्ने कार्य प्रारम्भिक अनुसन्धानमा गरिन्छ। प्रारम्भिक अनुसन्धान प्रतिवेदन नै विस्तृत अनुसन्धानको लागि मेरूदण्ड हो। प्रारम्भिक अनुसन्धानमा प्राप्त प्रमाण, अभिलेखसहित उक्त व्यावसायिक फर्मको दर्ता अवधि, कारोबारको किसिम, कारोबारको सीमा, विगत आर्थिक वर्षहरूको कारोबारको स्थिति, मूल्यवृद्धि अनुपात, शाखागत कारोबार, व्यावसायिक मौज्दात, ऋण तथा लगानी, बैङ्किङ्ग कारोबार, वित्तीय विवरण, वासलात, स्थिर सम्पत्तिको खरिद तथा बिक्री, अपलेखन, अन्य अन्तरसम्बन्धित

व्यावसायिक फर्म, पूर्व अनुसन्धान कारबाही भए नभएको लगायका विषयमा अध्ययन र विश्लेषण गरिन्छ। यसरी अध्ययन र विश्लेषण गर्दा राजस्व चुहावट भएको स्पष्ट आधार वा चुहावटको जोखिम भएको देखिएमा प्रारम्भिक अनुसन्धान प्रतिवेदनको आधारमा महानिर्देशकले तोकेको अनुसन्धान अधिकृतबाट विस्तृत अनुसन्धान कारबाही अगाडि बढाउने गरिन्छ।

**ग. विस्तृत अनुसन्धान, छानबिन र प्रतिवेदन**

प्रारम्भिक अनुसन्धान प्रतिवेदनका आधारमा विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा आवश्यकता र औचित्यताको आधारमा विभागले निम्न कार्यहरू मध्ये केही वा सबै कार्यहरू गर्दछ:

- सम्बन्धित निकायमा सम्पर्क गरी आवश्यक कागजात माग गर्ने।
- सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कारोबारको प्रकृति र आकार अध्ययन गर्न बैङ्क खाताको विवरण सम्बन्धी कागजात माग गर्ने।
- आन्तरिक राजस्व कार्यालयमार्फत कर विवरण लगायतका कागजात माग गर्ने।
- घरजग्गा जस्ता अचल सम्पत्तिको सूचना प्राप्त गर्न र रोक्का गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागमार्फत सम्बन्धित मालपोत कार्यालयहरूमा पत्राचार गर्ने।
- थुनछेक वा पक्राउ गर्नुपर्ने भएमा सम्बन्धित प्रहरी कार्यालयमा पत्राचार गर्ने।
- आवश्यकताअनुसार अन्य निकायसँग सम्पर्क गरी सूचनाको सत्यता यकिन गर्न थप अनुसन्धान कार्य अगाडि बढाउने।
- कारोबारस्थलमा गई कागजात र विद्युतीय सूचना तथा तथ्याङ्क नियन्त्रणमा लिने र उपलब्ध कागजातको आधारमा करदाताको बयान लिएर अनुसन्धान गर्ने।
- राजस्व चुहावट भएको सूचना प्राप्त भई अनुसन्धान गर्दा प्रचलित कानुनबमोजिम निर्धारण गर्नुपर्ने राजस्व निर्धारण गरी असुल गर्नुपर्ने देखिएमा असुल गर्न वा राजस्व निर्धारणमा भएको गल्ती वा त्रुटि सच्याउन सम्बन्धित निकायमा लेखी पठाउने।
- कर तथा गैरकर राजस्व चुहावटका विशेष प्रकृतिका मुद्दाहरू राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम अदालतमा दायर गर्ने।
- विदेशी विनिमयको अपचलन र अवैध कारोबारका अधिकांश मुद्दाहरू प्रहरीमार्फत पक्राउ भई अनुसन्धानका लागि विभागमा आउने हुँदा अनुसन्धान पूरा भएपछि सरकारी वकिल कार्यालयको राय लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्ने।

**घ. मुद्दा दायर र फैसला**

विभागले राजस्व चुहावट नियन्त्रण ऐन र विदेशी विनिमय नियमित गर्ने ऐनबाट निर्देशित भएर मुद्दा दायर गर्दछ। ऐनमा भएका व्यवस्था र विभागले अवलम्बन गरेको प्रकियालाई देहाय बमोजिम उल्लेख गरिएको छः

**अ. राजस्व चुहावट नियन्त्रण ऐन अन्तर्गत मुद्दा दायर र फैसला**

विस्तृत अनुसन्धानबाट राजस्व चुहावट भएको प्रमाणित भएमा अनुसन्धान अधिकृतले विभागका महानिर्देशकको स्वीकृति लिएर नेपाल सरकारको नामबाट राजस्व अनुसन्धान कार्यालय पर्ने सम्बन्धित उच्च अदालत समक्ष मुद्धा दायर गर्ने प्रावधान रहेको थियो। सो मुद्दा दायर गर्नुअघि सम्बन्धित उच्च सरकारी वकीलको राय लिनुपर्दछ। यस्ता कसुर गर्ने व्यक्तिलाई बिगोको शतप्रतिशत जरिवाना गरी कसुरको मात्रा हेरी पाँच वर्षसम्म कैद गर्न सक्ने सजायको व्यवस्था रहेको छ। यस्तो मुद्दामा मतियारलाई मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ। मुद्दाको अन्तिम किनारा लागेपछि सुराकीलाई असुल भएको बिगो रकमको सुन, हिरा, जवाहरातको हकमा दश प्रतिशत वा पचास लाख रुपैयाँमध्ये जुन घटी हुन्छ सो बराबरको रकम र अन्य मालवस्तुको हकमा बीस प्रतिशत वा पच्चीस लाख रुपैयाँमध्ये जुन घटी हुन्छ सो बराबरको रकम पुरस्कार दिइने र अनुसन्धानमा संलग्न कर्मचारीलाई असुल हुन आएको बिगो रकमको पाँच प्रतिशत वा दश लाख रूपैंयामध्ये जुन घटी हुन्छ सो बराबरको रकम पुरस्कार स्वरूप दिइने व्यवस्था रहेको छ।

**आ. विदेशी विनिमय तर्फः**

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत चल्ने मुद्दाहरूको जाँचबुझ र अनुसन्धानको कार्य यस विभागले गर्दछ। विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, नेपाल राष्ट्र बैङ्कले समय समयमा जारी गरेको सूचना, परिपत्र र नेपाल सरकारले जारी गरेको निर्देशनबाट विदेशी विनिमय अपचलनसम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्ने काम यस विभागबाट हुने गरेको छ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११क. ले दिएको अधिकार प्रयोग गरी नेपाल राजपत्र, २०५९/०६/०१ खण्ड ५२ अतिरिक्ताङ्क ४४ (क) मा प्रकाशित नेपाल सरकार अर्थ मन्त्रालयको सूचना अनुसार "नेपाल सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११क. ले दिएको अधिकार प्रयोग गरी विदेशी विनिमय सम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि राजस्व अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको उप-महानिर्देशक वा निर्देशकलाई अनुसन्धान अधिकारी तोक्ने व्यवस्था छ।"

ऐ. ऐनको दफा ११घ बमोजिम अनुसन्धानको क्रममा शङ्कास्पद कारोबार वा सुराकीको आधारमा कारोबारस्थलमा वा लुकाई छिपाई राखिएको ठाउँको खानतलासी लिने र ११ङ बमोजिम आरोपित व्यक्तिलाई पक्राउ गरी मुद्दाको अनुसन्धान गर्ने काम विभागबाट हुने गर्दछ।

अनुसन्धान अधिकृतले विभागमा पेश हुन आएका मानिस, बरामदित दसी, मुचुल्का लगायतका कागजातहरू बुझिलिएपछि ऐ. ऐनको दफा ११च बमोजिम यस ऐन अन्तर्गत पक्राउ परेका व्यक्तिलाई जाँचबुझ र अनुसन्धान गर्ने सिलसिलामा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिई एक पटकमा ७ (सात) दिनमा नबढाई बढीमा ३० दिनसम्म आवश्यकता अनुसार थुनामा राखी मुद्दाको अनुसन्धान गर्न सक्दछ। अधिकांश मुद्दाहरूमा पक्राउ परेको मानिसहरूसँग ऐ. ऐनको दफा १७(१०) बमोजिम अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृतले धरौटी माग गरी तारेखमा राखी अनुसन्धानको कारबाही अगाडि बढाउने गरिएको छ।

मुद्दाको अनुसन्धान कार्य सम्पन्न भई मुद्दाको अङ्ग पुगेपछि मुद्दाको अभियोजनको लागि ऐ. ऐनको दफा १८क.२ बमोजिम अनुसन्धान अधिकारीले राय साथ सक्कल मिसिल सम्बन्धित सरकारी वकीलको कार्यालयमा निर्णयार्थ पठाई निर्णय भई आएपछि अभियोजन गर्ने, थप अनुसन्धान वा प्रमाण बुझ्ने अथवा मुद्दा नचलाउने निर्णय भएमा सोही अनुसार गर्ने गरिएको छ।

मुद्दा चलाउने गरी सरकारी वकीलबाट राय सहितको निर्णय प्राप्त भएपश्चात् न्याय प्रशासन ऐन, २०७३ को दफा ७ बमोजिम वारदात भएको जिल्ला अदालतमा विभागबाट तोकिएको अनुसन्धान अधिकारीले कसुरदार/आरोपित व्यक्ति/पक्राउ परेको मानिस उपर मिसिल, बरामदित दसीका साथ मुद्दा दायर गर्ने गरिएको छ। विभागबाट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अनुसार नेपाल सरकार वादी भई दायर गरिएको मुद्दाको बहस पैरवी, प्रतिरक्षा सरकारी वकीलबाट हुने गर्दछ।

यस ऐन अन्तर्गतका मुद्दामा अपराध गरेको कुराको सुराकी कुनै व्यक्तिले नेपाल सरकार वा अधिकार प्राप्त अधिकारी समक्ष दिई त्यसरी दिएको सुराकको आधारमा विदेशी विनिमय बरामद भई अपराध प्रमाणित हुन आएमा त्यसरी पक्राउ भई आएको विदेशी मुद्रालाई नेपाली मुद्रामा परिणत गर्दा कायम भएको बिगोको २० प्रतिशत रकम सुराक दिने व्यक्तिलाई इनाम दिने व्यवस्था रहेको छ।

## १.९ विभागको आन्तरिक कार्यविभाजन

### ख. शाखागत कार्यविभाजनः

### १.योजना, अनुगमन तथा गस्ती परिचालन शाखाः

- राजस्व चुहावटका क्षेत्रगत प्रवृत्तिहरू पहिचान गरी राजस्व चुहावट हुने क्षेत्रहरूको परिसूचक तयार गर्ने र आवधिक रूपमा परिमार्जन गर्ने।
- Hot Line सहितको २४ घण्टे सूचना नियन्त्रण कक्ष सञ्चालन गर्ने।
- सूचना प्रविधिको प्रयोगमा आधारित सूचना सङ्कलन र विश्लेषण गरी राजस्व चुहावटको प्रकृति र प्रवृत्ति समेत विश्लेषण गर्ने।
- अनुसन्धानको वार्षिक योजना तथा कार्ययोजना तर्जुमा गर्ने।
- राजस्व जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी नियमित कार्ययोजना तयार गर्ने।
- अन्तर निकाय समन्वयमा राजस्व चुहावट नियन्त्रणसम्बन्धी साझा कार्यक्रम तथा कार्ययोजना तयार गरी कार्यान्वयनका लागि सिफारिस गर्ने।
- उजुरी/सूचना बैङ्क सञ्चालन तथा व्यवस्थापन।
- विभागीय, अन्तरनिकाय तथा आवधिक अनुगमन तथा समीक्षा गरी प्रतिवेदन तयार गर्ने।
- शहरी क्षेत्र र व्यापारिक मार्गकेन्द्रित रही निरन्तर र नियमित गस्ती परिचालन गर्ने।
- सूचना केन्द्रित विशेष आकस्मिक तथा द्रुत राजस्व गस्ती परिचालन।
- वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली कार्यान्वयन गर्ने।
- गस्ती परिचालनको योजना, रणनीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन।
- सुरक्षा निकाय, राजस्व सम्बद्ध संस्था तथा अन्य सरोकारवालासँग समन्वय गर्ने।
- Quick Response Team लाई तयारी अवस्थामा राख्ने।
- तालुक निकायमा प्रतिवेदन गर्ने तथा नीतिगत सुधारको लागि सुझाव (Feedback) प्रदान गर्ने।
- राजस्व चुहावट नियन्त्रणका प्रचारात्मक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- विश्वसनीय, भरपर्दो र उपयुक्त सूचना सङ्कलन पद्धतिको योजना, विकास तथा सुराकी परिचालन, उजुरी अभिलेख एवम् सुराकी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरू।

### २. अनुसन्धान तथा मुद्दा शाखा-१

- मुद्दा तथा रिट निवेदकहरूको लिखित जवाफ तयार गर्ने र प्रतिरक्षा गर्ने।
- आदेशानुसार मुद्दामा झिकाइएका व्यक्तिहरूलाई बयान गर्ने, आदेश गर्ने, म्याद तथा सूचनाहरू तामेल गर्न पठाउने।

- मुद्दा मामिलामा कानुन बमोजिम मनासिव माफिकको कारण जनाई तारेख तोकिदिने।
- मुद्दाको राय सरकारी वकील कार्यालयमा पठाई निर्णय प्राप्त भएपछि अभियोग तयार गर्ने तथा मुद्दा अभियोजन सम्बन्धमा सम्बन्धित सरकारी वकीलसँग समन्वय गर्ने।
- कानुनले थामिदिने म्याद तारेख थामी पाऊँ भनी निवेदन पत्र परेमा कानुन बमोजिम गरिदिने।
- विभागका लागि आवश्यक पर्ने कानुनी राय/परामर्श दिने।
- आवश्यक कानुनी मस्यौदाहरू तयार गर्ने कार्यको समन्वय गर्ने।
- नियम बमोजिम राख्नुपर्ने मुद्दाको लिखतहरू दुरूस्त राख्ने, राख्न लगाउने।
- विभागको हक, हित र सरोकार रहेको मुद्दाको प्रतिनिधित्व गर्ने।
- मुद्दाको दर्ता, अनुसन्धान तहकिकात र मुद्दा दायर/अभियोजन सम्बन्धी कार्यहरू।
- जफत भएका सामानको अभिलेख तयार गरी लेखा शाखामा पठाउने।
- अनुसन्धानका क्रममा कब्जामा रहेका सामानको अभिलेखाङ्कन एवम् व्यवस्थापन सम्बन्धी कार्यहरू।
- जफत भएका मालवस्तुहरूको अभिलेखाङ्कन तथा धरौटी सदर स्याहा सम्बन्धी कार्यहरू।
- विदेशी विनिमय अपचलन वा विदेशी मुद्राको अवैध कारोबारका उजुरी सम्बन्धी कार्य हेर्ने।

**ग. अनुसन्धान शाखा २, ३, ४, ५ र ६**

- राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण र रोकथाम गरी राजस्व सङ्कलनमा वृद्धि गर्ने।
- राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन भएको र हुनसक्ने क्षेत्रहरूको सूचना सङ्कलन र विश्लेषण गर्ने।
- प्राप्त उजुरी/सूचनाको विश्लेषण गरी प्रारम्भिक प्रतिवेदन तयार गर्ने, प्राप्त सूचना बमोजिम राजस्व चुहावट भएको नदेखिएमा वा सूचना तथ्ययुक्त नदेखिएमा सूचना तामेलीमा राख्न सक्ने।
- सूचना अनुसार राजस्व छली तथा विदेशी विनिमय अपचलन भएको पर्याप्त आधारहरू पाइएमा विस्तृत अनुसन्धान बढाउनुका साथै आवश्यकतानुसार शङ्कास्पद क्षेत्र तथा कारोबारस्थलमा आकस्मिक निरीक्षण गर्ने र त्यस्तो शङ्कास्पद कागजात, मालवस्तु तथा संलग्न व्यक्ति समेत नियन्त्रणमा लिने।

- विस्तृत अनुसन्धानबाट राजस्व छली गरेको आधारहरू पाइएमा प्रचलित कानुन बमोजिम बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम सरकारी वकीलको राय लिई सजाय मागदावी सहित मुद्दा दायर गर्ने।
- लापरवाही वा हेलचक्र्याई गरी वा अन्य कुनै कारणबाट गल्ती वा त्रुटि हुन गई थप कर निर्धारण वा असुल गर्नुपर्ने देखिएमा सम्बन्धित निकायमा लेखी पठाउने।
- राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन सम्बन्धी कसुरहरूको बारेमा थप सूचना तथा जानकारी प्राप्त गरी कारबाही अगाडी बढाउने।
- अनुसन्धान शाखा-२, ३, ४ र ५ ले कर राजस्व चुहावटका उजुरी सम्बन्धी हेर्ने र अनुसन्धान शाखा -६ ले गैरकर राजस्व चुहावटका उजुरी सम्बन्धी हेर्ने।

**घ. प्रशासन शाखा**

- विभागको कार्यसम्पादन सम्बन्धमा नीतिगत तथा कार्यविधिगत सुधार सम्बन्धी कार्यको समन्वय तथा व्यवस्थापन।
- सरोकारवाला सरकारी एवम् निजी क्षेत्रका सरोकारवालाहरूसँग समन्वय गर्ने।
- विभाग तथा मातहतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यमूलक संगठन संरचना तयार गर्ने।
राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३ (क) बमोजिम राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नुपर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल, अन्य कर वा गैरकर थप निर्धारण गरी असुल गर्नुपर्ने वा थप राजस्व असुल गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृतले विभाग समक्ष प्रतिवेदन पेश गरेको अवस्थामा विभागले तीन करोड रूपैयाँसम्मको राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को उल्लिखित व्यवस्था वमोजिम आ.व.२०८१/८२ मा विभागले कुल ४२७ वटा उजुरीहरू सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि लेखी पठाइएको छ।

**तालिका २.५**

**आ.व. २०८१/८२ मा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइएका राजस्व चुहावटतर्फ अनुसन्धान भएका उजुरीको सङ्ख्यात्मक विवरण**

| विवरण | लेखी पठाइएको सङ्ख्या |
|---|---|
| राजस्व अनुसन्धान विभाग | २९९ |
| रा.अ.का., इटहरी | २० |
| रा.अ.का., पथलैया | ४२ |
| रा.अ.का., बुटवल | ६० |
| रा.अ.का., कोहलपुर | ६ |
| **जम्मा** | **४२७** |

## २.९ लिलाम बिक्री

भन्सार चोरी निकासी पैठारीसमेतको अनुसन्धानको सिलसिलामा जफत भएका मालवस्तुहरू लिलाम बिक्री गर्ने सन्दर्भमा यस विभाग र मातहत कार्यालयहरूबाट आर्थिक वर्ष २०८१/८२ मा १८३ वटा सूचनाहरूबाट लिलाम बिक्री सम्पन्न भई ८ करोड ५५ लाख १७ हजार६ सय २३ रूपैया राजस्व दाखिला भएको छ।

**लिलाम बिक्रीको विवरण (रू. हजारमा)**

| सि.नं. | कार्यालय/विभाग | लिलाम सङ्ख्या | लिलाम मूल्य रू. | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | राजस्व अनुसन्धान विभाग | २४ | १३३०५२८१ | |
| २ | राजस्व अनुसन्धान कार्यालय, इटहरी | १४ | १०१७५५२ | |
| ३ | राजस्व अनुसन्धान कार्यालय, पथलैया | ११० | ५४९१८६२६ | |
| १ | राजस्व अनुसन्धान कार्यालय, बुटवल | ११ | १४२४८७९६ | |
| ५ | राजस्व अनुसन्धान कार्यालय, कोहलपुर | २४ | २०२७३६८ | |
| | **जम्मा** | १८३ | ८५५१७६२३ | |

## २.१० बेरुजु र फछ्र्यौटको विवरणः-

### क. महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले औंल्याइएका सवाल तथा कार्यान्वयनको स्थितिः-

महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन अनुसार आ. व. २०८०/८१ र सो भन्दा अघिल्ला आर्थिक वर्षहरुको यस विभाग र मातहतका राजस्व अनुसन्धान कार्यालयहरुको कुल बेरुजुको अवस्था देहायअनुसार रहेको छ।

| **सि.नं.** | **राजस्व अनुसन्धान कार्यालय/विभाग** | **बेरूजु बाँकीको विवरण** | | | |
|---|---|---|---|---|---|
| | | **पेश्की** | **नियमित** | **असुल उपर** | **जम्मा** |
| १ | राजस्व अनुसन्धान विभाग | ०.०० | २५५५२५५१.०० | ०.०० | २५५५२५५१.०० |
| २ | इटहरी | ०.०० | ६९३६८९१.२६ | १०००००.०० | ७०३६८९१.२६ |
| ३ | पथलैया | ०.०० | ०.०० | ०.०० | ०.० |
| ४ | बुटवल | ०.०० | २०९८२४२.४१ | ०.०० | २०९८२४२.४१ |
| ५ | कोहलपुर | ०.०० | ८६५५११.८४ | १२३५५९६.०० | २१०११०७.८४ |
| | **जम्मा** | **०.०** | **३५४५३१९६.५१** | **१३३५५९६** | **३६७८८७९२.५१** |

### ख. महालेखापरीक्षकको ६१ औ प्रतिवेदनले औंल्याइएको बेरुजुको अवस्थाः-

महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन अनुसार आ. व. २०७९/०८० र सो भन्दा अघिल्ला आर्थिक वर्षहरुको यस विभाग र मातहतका राजस्व अनुसन्धान कार्यालयहरुको कुल बेरुजु र बेरुजु फर्छ्यौटको विवरण देहाय अनुसार रहेको छः

*रकम रु.*

| | |
|---|---|
| आ.व. २०७९/०८० सम्मको फछ्यौट गर्नुपर्ने कुल बेरुजु रकम | ३,६७,८८,७९२.५१ |
| आ.व. २०७९/०८० मा फछ्यौंट भएको बेरुजु रकम | ७६७४९५८.०० |
| आ.व. २०७९/०८० मा सम्परीक्षणका लागि पेश भएको रकम | १,११,१६,६४३.४१ |
| प्रगति प्रतिशत (सम्परीक्षणका लागि पेश भएको समेत) | ५१.०७% |

**ग. महालेखापरीक्षकको ६२ औं प्रतिवेदनले उठाएका सवाल र कार्यान्वयनको स्थितिः-**

महालेखापरीक्षकको ६२ औं प्रतिवेदनले औंल्याए बमोजिम यस विभागको अनुसन्धान तथा तहकिकात क्षमता सुदृढ गर्ने कार्य गरिएको। राजस्व चुहावटका सम्भावित अन्य क्षेत्रसमेत पहिचान गरी सोको नियन्त्रण गर्ने कार्यलाई योजनाबद्ध रणनीति तयार गरी कार्यान्वयन गरिएको छ। जोखिममा आधारित अनुसन्धान तहकिकातलाई जोड दिइएको छ भने राजस्व चुहावटको अनुसन्धानमा सम्पत्ति शुद्धीकरणको जोखिम तथा सम्भावना समेत अनुसन्धान गर्न थालिएको छ। राजस्व चुहावटका नवीनतम् क्षेत्र तथा चुनौती पहिचान गरी समयसापेक्ष र प्रविधिमैत्री अनुसन्धानमा जोड दिन थालिएको छ। साथै, गस्ती परिचालन योजना तयार गरी निरन्तर रुपमा मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (VCTS) निमार्ण गरी अनुगमन र गस्ती परिचालनको कार्यहरु अगाडि बढाइएको।

## २.११ धरौटी आम्दानीको विवरण

आ.व. २०८१/८२ मा एक अर्ब चालीस करोड थप भई करिब चार अर्ब एकासी करोड रकम धरौटीमा रहेको छ।

**राजस्व अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयहरूमा अनुसन्धानको क्रममा दाखिला भएको धरौटी विवरण**

| सि.नं. | शाखा/कार्यालय | अ.ल्या. भएको | आ.व. ८१/८२ मा थप भएको | हाल सम्मको जम्मा |
|---|---|---|---|---|
| १ | इटहरी | २४६४४२९८९ | २२५५८५२७ | २६९००१५१६ |
| २ | पथलैया | ५२६८९४०३७ | १०७६९७५१४ | ६३४५९१५५१ |
| ३ | बुटवल | २२०८४६३१९ | १३४६१८०६५ | ३५५४६४३८४ |
| ४ | कोहलपुर | १८७३५७९३३ | ७५१२३४२४ | २६२४८१३५६ |
| ५ | रा. अ. विभाग | २२३००७४६०० | १०५७५९०५६१ | ३२८७६६५१६१ |
| जम्मा | | ३४११६१५८७८ | १३९७५८८०९१ | ४८०९२०३९६८ |

# परिच्छेद ३
# राजस्व चुहावट नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक प्रयासहरू

राजस्व अनुसन्धान विभागले राजस्व चुहावटको नियन्त्रणको लागि उपचारात्मकसँगै निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू समेत सञ्चालन गर्दै आएको छ। राजस्व चुहावटको विषय आफैमा बहुआयामिक र जटिल भएकोले राजस्व चुहावटको नियन्त्रण अपेक्षित र प्रभावकारी बनाउन अनुसन्धान अभियोजनका अलावा सचेतना, सहयोग, सद्भाव, सरोकार र सहकार्य अभिवृद्धि गर्नु समेत महत्वपूर्ण रहन्छ।

राजस्व चुहावट नियन्त्रणको निरोधात्मक उपायहरूको खोजी, अनुसन्धान र विकास तथा तत् सम्बन्धमा जानकारी अभिवृद्धि गर्न विभागले विभिन्न कार्यहरू गर्दै आएको छ। विभागले राजस्व चुहावट हुन नदिन प्राप्त सूचना जानकारी वा अनुमान आधारमा खबरदारी गर्ने, सजग गराउने, ध्यानाकर्षण गराउने लगायतका निरोधात्मक उपायहरूको अवलम्बन गर्दै आएको छ। त्यसैगरी, राजस्व चुहावट सम्बन्धी जनचेतना अभिवृद्धि गर्न गोष्ठी, सेमिनार, अन्तरक्रिया, कार्यशाला, सूचना प्रसारण, संस्थागत शुद्धीकरण कार्यप्रणाली र कार्यविधिमा सुधार जस्ता उपायहरू अवलम्बन गरिएको छ। राजस्व चुहावट विरूद्ध जनमत सृजना गर्ने, जानकारी मूलक सूचनाहरू सम्प्रेषण गर्ने, राजस्व चुहावट नियन्त्रणका लागि सचेतना तालिम, शिक्षा प्रदान गर्ने लगायतका प्रवद्धनात्मक उपायहरू पनि अघि बढाइएको छ। आ.व. २०८१/८२ मा विभाग र अन्तर्गतबाट ७ (सात) पटक सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया तथा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भएका थिए। आम नागरिकलाई राजस्व चुहावटको नियन्त्रणमा थप सक्रिय बनाउन सकेमा मात्र राजस्व चुहावट विरूद्धको कारबाही सफल हुने हुँदा विभागले जनतालाई सुसूचित गर्ने विभिन्न कार्यहरु सञ्चालन गर्ने नीति अवलम्बन गरेको छ।

## ३.१. निरोधात्मक कार्यहरू

राजस्व चुहावट हुन नदिन पूर्व सावधानी अपनाउने, राजस्व सङ्कलनका नीति, विधि, प्रक्रिया र व्यवहारमा भएका त्रुटि तथा कमी कमजोरी हटाउन सुझाव दिने जस्ता कार्यहरू विभागले सञ्चालन गर्दै आएको छ। त्यस्तै, तथ्यमा आधारित भएर शङ्कास्पद कारोबार स्थल र नाकामा निगरानी, अन्तर-निकाय सूचना आदान प्रदान र समन्वय, नियम कानुनको परिपालना, अनुगमन, गस्ती परिचालन, आचारसंहिता निर्माण एवम् परिपालन तथा व्यावसायिक कारोबारको अनुगमन गर्ने, सूचना प्रविधिमा आधारित प्रणालीको अवलम्बन गर्ने जस्ता निरोधात्मक कार्यहरू विभागले सञ्चालन गरिरहेको छ।

**क. <u>राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा पहिलो संशोधन</u>**

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा सामयिक संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभा तथा राष्ट्रिय सभाबाट सर्वसम्मत रूपमा पास भई सम्माननीय राष्ट्रपतिज्यूबाट २०७६ माघ २८ मा प्रमाणीकरण भई कार्यान्वयनमा आएको थियो। उक्त राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६ र अन्य ऐनहरूबाट गरिएका मुख्य मुख्य संशोधनहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

१. गत आर्थिक वर्षमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) मुद्दा हेर्ने अधिकारी यस ऐन अन्तर्गतको राजस्व चुहावट कसूर सम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा सम्बन्धित उच्च अदालतबाट हुने।

२. **<u>दण्ड सजाय</u>ः** राजस्व चुहावटको कसूर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शतप्रतिशत जरिबाना तथा कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद हुनेः-

   (क) एक करोड रूपैयाँसम्मको बिगोमा एक महिनादेखि छ महिनासम्म कैद,

   (ख) एक करोड रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्मको बिगोमा छ महिनादेखि एक वर्षसम्म कैद,

   (ग) पाँच करोड रूपैयाँदेखि दश करोड रूपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्ष सम्म कैद,

   (घ) दश करोड रूपैयाँदेखि माथि जतिसुकै बिगो भएपनि तीनवर्ष देखि पाँच वर्षसम्म कैद।

३. विभागले तीन करोड रूपैयाँसम्मको राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धिकर, अन्तःशुल्क, भन्सार महशुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउने व्यवस्था गरिएको।

४. यस ऐन संसोधन पश्चात् अनुसन्धानको क्रममा मालवस्तु पछि मालधनीलाई फिर्ता दिने ठहरेमा सो मालधनीले सो मालवस्तुको लिलाम बिक्रीबाट आएको रकम **<u>र प्रचलित कानून बमोजिम ब्याज रकम</u>** फिर्ता पाउनेछ र त्यस्तो मालवस्तु पाऊँ भन्ने निजको कुनै हक दाबी नलाग्ने व्यवस्था गरिएको छ।

५. राजस्व चुहावटको कसूरको आरोपमा अनुसन्धान तथा तहकिकात भइरहेको कुनै राष्ट्रसेवक कर्मचारी पदमा रही रहँदा आफ्नो विरूद्धको प्रमाण लोप वा नष्ट गर्न सक्ने वा अनुसन्धान तथा तहकिकातमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा विभागले त्यस्ता कर्मचारीलाई आधार र कारण खुलाई निलम्बन गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अधिकार प्राप्त अधिकारी समक्ष लेखी

पठाउन सक्नेछ। यसरी लेखी आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो कर्मचारीलाई निलम्बन गर्नु पर्नेव्यस्था गरिएको छ।

६. **मालवस्तु लिलाम सम्बन्धमाः** यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा कब्जा लिएको मालवस्तु वा कुनै चौपाया कब्जा गरिएको भएमा अनुसन्धान अधिकृतले महानिर्देशकको स्वीकृति लिई तोकिए बमोजिमको मूल्याङ्कन समितिबाट कायम भएको मूल्यलाई सो वस्तुको मोल कायम गरी मालधनीले नै सकार गर्न मञ्जुर गरेमा निजको कागज गराई निजलाई सो मालवस्तु जिम्मा लगाई दिनुपर्ने व्यवस्था गरिएको छ।

## ख. राजस्व चुहावट सम्बद्ध कानूनमा पछिल्लो संशोधन

- आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ ले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको संशोधनलाई समेत समावेश गरेकोमा संशोधित व्यवस्था हाल लागू भइसकेको।

**संशोधित व्यवस्थाः**

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को *दफा १३क (२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विभागले तीन करोड रुपैयाँसम्मको राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर,मूल्य अभिवृद्धि कर,अन्तःशुल्क, भन्सार महसुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित निकायमा लेखी सक्ने।*

*(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन करोड रुपैयाँभन्दा बढीको राजस्व चुहावट भएकोमा यस ऐन बमोजिम मुद्दा दायर गर्नुपर्नेछ।*

*(७) उपदफा (२) र (६) जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिवाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा विभागले बिगो र लाग्ने जरिवाना रकम असुल गरी मुद्दा नचलाउने निर्णयको लागि सरकारी वकील कार्यालयलाई पेश गर्नुपर्नेछ।*

*(८) उपदफा (७) बमोजिम लेखी आएमा सरकारी वकील कार्यालयले त्यस्तो मुद्दा नचलाउने निर्णय गर्नेछ।*

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को *दफा २४क. र ख. थपिएकाः*

*मिलापत्र हुन सक्नेः यस ऐन बमोजिम मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ।*

*(२) उपदफा (१) बमोजिमको मिलापत्र फैसला कार्यान्वियनको चरणमा समेत गर्न सक्नेछ। त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई भएकोमा प्रतिवादीलाई भएको कैद सजायको लगत कट्टा हुनेछ।*

*२४ ख. मुद्दा फिर्ता लिन सकिनेः जानाजान वा बदलियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक प्रतिवादीउपर यस ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि,२०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गरी फिर्ता लिन सक्नेछ।*

उक्त ऐनको संशोधित व्यवस्था बमोजिम राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० संशोधन गर्ने गृहकार्य थालिएको।

## ग. अनुगमन निरीक्षण तथा समन्वय

### १. अनुगमन निरीक्षण

राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक श्री कृष्ण कुमारी श्रेष्ठको संयोजकत्वमा राजस्व प्रशासनमा कार्यरत अन्य निकायका प्रमुखहरूको समेत सहभागितामा बढी चुहावट हुने मुलुकको दक्षिणी भू-भागमा अवस्थित विभिन्न भन्सार नाकाहरूको संयुक्त निरीक्षण मिति २०८२/०१/११ मा सम्पन्न भएको छ।

### २. सरकारी वकिलसँग अन्तरक्रिया कार्यक्रम

केही नेपाल ऐन संशोधन, २०८१ मा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा समेत संशोधन भए पश्चात् राजस्व चुहावट सम्बन्धी मुद्दाहरूको प्रभावकारी अभियोजनको लागि सहजता ल्याउने उद्देश्यले सरकारी वकिलहरुसँग समेत अन्तरक्रिया तथा छलफल कार्यक्रम गरियो। यसका लागि विभाग र मातहतले निरन्तर समन्वय, छलफल तथा सूचना आदानप्रदान समेत गर्दै आएको छ।

## घ. गस्ती परिचालन

चोरी निकासी पैठारी तथा आन्तरिक ओसारपसारको क्रममा हुने चुहावट नियन्त्रण गर्न विभागले आवश्यकतानुसार नियमित, आकस्मिक र द्रुत गस्ती परिचालन गर्दछ। द्रुत गस्ती आवश्यकतानुसार परिचालित हुन्छन्। यसको कार्य क्षेत्र महानिर्देशकले तोक बमोजिम हुन्छ। प्रत्येक द्रुत गस्तीको टोलीमा विभागका महानिर्देशकले तोकेबमोजिम विभागका निर्देशकको नेतृत्वमा आवश्यकतानुसार कर्मचारी तथा सुरक्षाकर्मीहरू रहने व्यवस्था छ। साथै, थप बल आवश्यक परेमा नजिकको सशस्त्र प्रहरी बलबाट आवश्यक मद्दत लिन सकिने व्यवस्था छ। नियमित तथा आकस्मिक गस्ती महानिर्देशकलाई अग्रिम जानकारी गराई विभिन्न राजस्व अनुसन्धान कार्यालयहरूले समेत परिचालन गर्ने व्यवस्था छ। गस्ती टोलीले अनुसन्धान गरेको विषय प्रारम्भिक प्रतिवेदनसहित विभागमा बुझाउनुपर्ने, आन्तरिक ओसारपसारका गाडीहरूको हकमा प्रारम्भिक जाँचबुझ गरी विभाग वा सम्बन्धित अनुसन्धान कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ।

**गस्ती टोलीले गर्ने कार्यहरुः**

- चोरी निकासी पैठारी लगायत राजस्व चुहावट सम्बन्धी सूचना सङ्कलन गरी विश्लेषण गर्ने।

- सीमा क्षेत्रबाट हुने चोरी निकासी पैठारीको सम्बन्धमा सम्भाव्य भौगोलिक क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा नियमित अनुगमन एवम् गस्ती गरी फेला परेका मालवस्तु कब्जामा लिने।
- राजमार्ग क्षेत्रमा सञ्चालित यातायात तथा ढुवानी साधनहरूको नियमित/आकस्मिक चेक जाँच गर्ने।
- राजस्व चुहावट गरेको वा राजस्व नतिरेको शङ्कास्पद मालसामान राखिएको सम्भाव्य भण्डारण स्थलको पहिचान गरी त्यस्तो भवन, गोदाम, पसल र कारोबारस्थल स्थान विशेषको खानतलासी लिने, सिलबन्दी गर्ने एवम् कसूरसँग सम्बन्धित मालवस्तु कब्जामा लिई थप अनुसन्धानका लागि प्रारम्भिक प्रतिवेदनसहित विभाग वा सम्बन्धित कार्यालयमा बुझाउने।
- पैठारी गरिएका वा स्वदेशी उत्पादनका मालसामानहरूको आन्तरिक ओसारपसारमा छड्के जाँच तथा परीक्षण गर्ने।
- अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको उत्पादन स्थल, भण्डारण स्थल, ओसारपसार र बिक्रीको अनुगमन गर्ने।
- राजस्व छलेको सूचनाको आधारमा खाता, अभिलेख एवम् प्रमाण सङ्कलन गर्ने, चेकजाँच गर्ने, खानतलासी लिने र थप अनुसन्धानका लागि प्रारम्भिक प्रतिवेदनसहित विभाग वा सम्बन्धित राजस्व अनुसन्धान कार्यालयमा बुझाउने।
- विदेशी विनिमय अपचालनसँग सम्बन्धित कसूर गरेको सूचनाको आधारमा प्रारम्भिक छानबिन गरी प्रतिवेदनसहित विभाग समक्ष पेश गर्ने।

गत आर्थिक वर्ष (२०८१/८२) मा सम्पन्न भएका विभिन्न प्रकारका गस्तीहरूको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ।

| क्र. सं. | विवरण | विभाग | कार्यालय | जम्मा |
|---|---|---|---|---|
| १ | नियमित गस्ती | १२३९ | ११२७ | २३६६ |
| २ | आकस्मिक गस्ती | २ | २५९ | २६१ |
| ३ | द्रुत गस्ती | ० | २४४ | २४४ |
| **जम्मा** | | **१२४१** | **१६३०** | **२८७१** |

## ३.२ प्रवर्द्धनात्मक कार्यक्रम

राजस्व चुहावट गम्भीर अपराध हो भन्ने विषयलाई उद्योगी व्यवसायी र सर्वसाधरण जनतासम्म चेतना फैलाउन तथा राजस्व चुहावट नियन्त्रण र अनुसन्धानमा सहयोग

अभिवृद्धि गर्न गोष्ठी, सेमिनार, अन्तरक्रिया, कार्यशाला, सूचना प्रसारण, संस्थागत सुदृढीकरण, कार्यप्रणाली तथा कार्यविधिमा सुधार ल्याउने कार्य विभाग र मातहतले गर्दै आएका छन्।

**क. अन्तरक्रिया कार्यक्रम**

राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणको सम्बन्धमा प्रवर्द्धनात्मक कार्य अन्तर्गत आ.व. २०८१/८२ मा विभिन्न ७ वटा नागरिक सचेतना तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएका छन् जसमा करिब छ सय जनाले भाग लिएका थिए।

| सि.नं. | मिति | स्थान | सहभागी व्यक्तिहरू | सहभागी सङ्ख्या |
|---|---|---|---|---|
| १ | २०८१/१०/२२ | नेपाल उद्योग वाणिज्य महासंघको सभाहल टेकु, काठमाडौं | राजस्व अनुसन्धान विभागका प्रतिनिधि, सशस्त्र प्रहरी बल रा.प्र.ई. का प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, पत्रकार र अन्य सरोकारवालाहरू | १५० भन्दा बढी |
| २ | २०८२/०१/1 | उद्योग वाणिज्य संघ, नेपालगञ्ज, बाँके। | जिल्ला प्रशासन कार्यालय, भन्सार, आन्तरिक राजस्व कार्यालय, उद्योग वाणिज्य संघ समेतका निजी क्षेत्रका प्रतिनिधिहरू लगायतका सरोकारवालाहरू | १२० भन्दा बढी |
| ३ | २०८२/०१/२८ | रा.अ.वि.को सभाहल, हरिहरभवन, ललितपुर | समुद्रपार निकासी पैठारी संघका प्रतिनिधि समेतका सरोकारवाला तथा कर्मचारीहरू | ७५ जना |
| ४ | २०८२/०२/०२ | होटल ड्रिमल्याण्डको सभाहल मणिग्राम, बुटवल | मा.न्यायाधिश, सह-न्यायाधिवक्ता, रा.अ.का.का कर्मचारीहरू र सरोकारवालाहरू समेत | ४० जना |
| ५ | २०८२/०१/०७ | गुलरिया यद्योग वाणिज्य संघको सभाहल | प्र.जि.अ.को आतिथ्यता र निजी क्षेत्रका प्रतिनिधिहरू लगायतका सरोकारवालाहरू | ११०जना |
| ६ | २०८२/०१/१६ | उद्योग बाणिज्य संघ, धनगढीको सभाहल | प्र.जि.अ.को आतिथ्यता र निजी क्षेत्रका प्रतिनिधिहरू समेत अन्य सरोकारवालाहरू | ३०० जना |

**ख. प्रचार सामग्री मार्फत सन्देश मूलक सूचना प्रशारण**

राजस्व अनुसन्धान विभागले आफ्नो कार्य प्रणालीको बारेमा सरोकारवालाई सूचना तथा जानकारी प्रदान गर्न विभिन्न प्रचार सामग्रीहरू प्रकाशन प्रशारण गर्दै आएको छ। सूचनाको हक अन्तर्गत हरेक ३-३ महिनामा Proactive Disclosure प्रकाशन गर्दै आएको छ। समय-समयमा विभागको परिचय समेटिएको Leaflet, VCTS सम्बन्धी जानकारीमूलक Leaflet प्रकाशन गर्ने गरेको छ। साथै, वार्षिक रूपमा विभागको कार्यसम्पादन र अन्य गतिविधिहरू समेटेर वार्षिक प्रतिवेदन प्रकाशन गर्ने गरेको छ। विभागको वेवसाईट, इमेल, फेसबुक, हटलाईन, टोलफ्री टेलिफोन मार्फत विभाग र मातहतमा उजुरी दिन सकिने साथै विभाग र मातहतका विभिन्न जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। सरोकारवालाहरूलाई नियमित रूपमा सूचनामूलक सामग्रीहरू बुलेटिन, प्रेस विज्ञप्ति लगायत मार्फत सूचना सम्प्रेषण गर्ने गरिएको छ।

# परिच्छेद ४
# संस्थागत सुदृढीकरणमा विभागको क्रियाशीलता

राजस्व चुहावट नियन्त्रण गर्न राजस्व अनुसन्धान विभागले भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता अभिवृद्धि र परिष्कृत कार्य पद्धतिको अवलम्बन गरी नियमित रूपले संस्थागत क्षमता बढाउँदै आएको छ। विभाग र अन्तर्गतका चार वटै कार्यालयहरूलाई राजस्व चुहावट नियन्त्रणको कार्यमा क्षमता अभिवृद्धि गर्दै विभागको समग्र कार्यसम्पादनलाई प्रभावकारी र नतिजामूलक बनाउन विभागले हरेक वर्ष संस्थागत सुदृढीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विभागले विद्युतीय शासनको प्रवर्द्धन गर्ने र अभिलेख प्रणालीलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउँदै विभागको आन्तरिक कार्य प्रणालीलाई थप चुस्त बनाउन लागु गरिएको Case Management Information System (CMIS) लाई निरन्तर रूपमा प्रयोग गर्दै आएको छ। मानव संशासन विकासको लागि विभाग र अन्तर्गतका कार्यालयमा कार्यरत कार्मचारीहरूलाई विभिन्न स्वदेशी तथा वैदेशिक तालिम, गोष्ठी, सेमिनारहरूमा सहभागिताको अवसर प्रदान गरिएको छ। खासगरी विभागमा कार्यरत नवआगन्तुक कर्मचारीहरूलाई अभिमुखीकरण तालिमदेखि अनुसन्धानमा दक्षता विकास गर्ने खालका तालिमहरूको सञ्चालन गरिएको छ। विभागलाई प्राप्त हुँदै आएको स्रोत र साधनको महत्तम उपयोग गर्दै संस्थागत सुदृढीकरणका कार्यक्रमहरू निरन्तर अगाडि बढाइएको छ।

आर्थिक वर्ष २०८१/८२ मा राजस्व अनुसन्धान विभागले सम्पादन गरेका संस्थागत सुदृढीकरणका कार्यक्रमलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## ४.१.वार्षिक समीक्षा कार्यक्रम

राजश्व अनुसन्धान विभागको वार्षिक समीक्षा गोष्ठी २०८१ साउनमा ललितपुरस्थित विभागको सभाहलमा सम्पन्न भएको थियो। राजस्व अनुसन्धान विभाग र विभाग अन्तर्गतका कार्यालयहरूबाट गत आर्थिक वर्ष (२०८०/८१) मा सम्पादन भएका कामहरूको समीक्षा गर्ने र आगामी दिनमा विभागले लिनुपर्ने रणनीतिका बारेमा सरोकारवालाहरूसँग छलफल गर्ने उद्देश्यले वार्षिक समिक्षा गोष्ठी आयोजना गरिएको थियो।

## ४.२. जनशक्ति विकास सम्बन्धी कार्यहरू

यस विभागमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी, परिपक्क, तथ्य र प्रमाणमा आधारित बनाउन कर्मचारीहरूलाई स्वदेश र विदेशमा विभिन्न विषयमा तालिमहरू प्रदान गर्दै आएको छ।

विभागमा कार्यरत कर्मचारीहरूले विभागमा कार्यरत रहँदा सदाचारिता र इमान्दारिता प्रदर्शन गर्नुका साथै विद्यमान ऐन कानुनको परिपालना गर्नु आवश्यक हुन्छ। यसै प्रयोजनको लागि

विभागले कर्मचारीहरूको आचारसंहिता स्वीकृत गरी लागू समेत गरेको छ। राजस्व चुहावटका नविन प्रवृत्ति र विभागमा बढ्दो उजुरीहरूको सङ्ख्याको कारण उत्पन्न चुनौतीको सामना गर्न विभाग र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूको ज्ञान सीप र समग्र कार्यसम्पादनलाई अझ परिष्कृत बनाउन विभिन्न तालिमहरूले मद्दत गरेको छ।गत आर्थिक वर्षमा यस विभागद्वारा वा अन्य निकायद्वारा सञ्चालन गरिएका विभिन्न स्वदेशी तालिममा सहभागी गराइएको छ ।

### ४.४.अन्तराष्ट्रिय सम्मेलन गोष्ठी एवम् तालिममा सहभागिता सहकार्य एवम् समन्वयः

भारतको नयाँ दिल्लीमा सम्पन्न 9th Regional Customs Enforcement Meeting मा विभागको उपमहानिर्देशकको सहभागिता रहेको थियो। उक्त बैठकबाट नेपालमा राजस्व चुहावट नियन्त्रणको सन्दर्भमा क्षेत्रीय सहभागिता सहयोग र समन्वयको लागि थप टेवा पुग्ने अपेक्षा लिइएको छ। बैठकमा विभिन्न देशका राजस्व चुहावट नियन्त्रण गर्ने निकायमा कार्यरत निकायका प्रमुखहरूको सहभागिता रहेको थियो।

### ४.५ पुरस्कार प्रोत्साहन प्रदान

राजस्व चुहावटको अनुसन्धान कार्य आफैमा चुनौतीपूर्ण र जोखिमयुक्त छ। यस विभागमा कार्यरत कर्मचारीहरू नियमित कार्यालय समयको अलावा २४ सै घण्टा आफ्नो कार्यक्षेत्रमा खटिनुपर्ने अवस्था छ। यस विभागमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनको मूल्याङ्कन गरी विभागले हरेक आर्थिक वर्षको समाप्ति पश्चात उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने गरेको छ। यस्तो कार्यले विभाग र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूको मनोवल बढन गई कार्यसम्पादनमा उत्कृष्ट र उत्प्रेरणा बढ्ने अपेक्षा लिइएको छ।

### ४.६ विभागको पञ्च वर्षीय रणनीतिक योजना (२०७८/७९-२०८२/८३) तर्जुमा तथा कार्यन्वयन

राजस्व अनुसन्धान विभागले आफ्नो संस्थागत रणनीतिक योजना कार्यन्वयनको अन्तिम चरणमा छ। सरोकारवालहरूसँगको छलफल, समन्वय एवम् अन्तरक्रियामा आगामी आ.व.देखि लागु हुने गरी नयाँ रणनीतिक कार्ययोजना निर्माण गर्न आवश्यक छ। यसका लागि विभागले आवश्यक गृहकार्य थालेको छ।

### ४.७ विभागको प्रणालीगत क्षमता विकासका कार्यक्रमहरू

समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले मालवस्तु तथा ढुवानीका साधनहरूको अनुगमन प्रणाली (VCTS) आर्थिक वर्ष २०७६/७७ देखि यस विभागले कार्यान्यनमा ल्याएको छ।VCTS को बारेमा यस प्रतिवेदनमा छुट्टै परिच्छेमा विस्तृत विवरण उल्लेख गरिएको छ। त्यस्तै, विभागको आन्तरिक कार्य प्रणालीलाई थप सहज बनाउनको लागि विगत देखि नै Case

Management Information System(CMIS) निर्माण गरी कार्यान्वयनमा रहेको छ। यस प्रणालीले विभागको आन्तरिक कार्यसम्पादन प्रणालीलाई थप प्रभावकारी बनाउन मद्दत पुऱ्याएको अवस्था छ। यस प्रणालीमा विभागका महत्वपूर्ण दस्तावेजहरूलाई एकीकृत गरी Digitalize गर्ने कार्य समेत सम्पन्न गरिदैं आएको छ। त्यसैगरी, विभागको वेवसाइटलाई थप परिमार्जन गरी प्रयोगकर्तामैत्री बनाइएको छ।

### ४.८ विभागको भौतिक पूर्वधार विकास सम्बन्धी कार्यहरू

विभागको परिसरलाई ढलान गर्ने, विभाग परिसरको ढल व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ। विभागको भवनमा दर्ता चलानी प्रयोजनको लागि नयाँ कोठा निर्माण भएको छ भने प्रवेश तथा सोधपुछ कक्षलाई थप आकर्षक बनाइएको छ। राजस्व अनुसन्धान कार्यालय बुटवलको नयाँ भवन निर्माणको लागि जग्गा खोज्ने कार्य अन्तिम चरणमा पुगेको छ। विभागमा सेवाग्राही यात्रु प्रतिक्षालय, यार्डलाई खाली गर्ने व्यवस्थित बनाउने तथा अन्य मर्मतका कार्यहरु गरिएको छ।

# परिच्छेद ५
# मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (Vehicle & Consigment Tracking System, VCTS) को कार्यान्वयन अवस्थाको विष्लेषण

## ५.१ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को परिचय

आजको विकासको जग सूचना प्रविधिमा आधारित छ। सूचना प्रविधिको माध्यमबाट जटिल कार्यहरूसमेत सहज रूपमा कम लागतमा सम्पादन गर्न सकिन्छ। राजस्व चुहावट नियन्त्रणलाई थप निगरानी गर्दै व्यवसायिक सुशासन कायम गराउने अभिप्रायले राजस्व अनुसन्धान विभागले वेवमा आधारित Vehicle & Consignent Tracking System कार्यान्वयनमा ल्याएको छ। यसको प्रयोगले यथार्थ कारोबार गर्ने व्यवसायीहरूको व्यापारको लागत र समय कम हुन जानेछ भने अवैध व्यापार गर्नेहरू राजस्व अनुसन्धान विभागको निगरानी तथा नियन्त्रणमा ल्याउन सहयोग पुग्नेछ। मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (Vehicle & Consigment Tracking System,VCTS) नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राजस्व अनुसन्धान विभागले मिति २०७६।०३।२३ गतेको नेपाल राजपत्रको सूचना बमोजिम मिति २०७६ साउन १ गते देखि कार्यान्वयनमा आएको सूचना प्रविधिमा आधारित प्रणाली हो।

यस प्रणालीमा व्यवसायिक प्रकृतिका मालवस्तुहरू एक स्थानबाट अर्को स्थानमा ढुवानी गर्नु पूर्व ढुवानीसम्बन्धी कारोबार गर्ने ढुवानी कम्पनी, उत्पादनकर्ता, आयातकर्ता, थोक बिक्री तहसम्मको कारोबार गर्ने व्यवसायीहरूले मालवस्तु ओसारपसार गर्नुपूर्व वेवमा आधारित केन्द्रीय सूचना प्रणालीमा मालवस्तुसँग सम्बन्धित संक्षिप्त विवरण प्रविष्टी गर्नुपर्ने हुन्छ। यस प्रणालीका प्रयोगकर्ताहरूले प्रविष्टि गर्नुपर्ने व्यापारिक मालवस्तुहरूको ओसारपसारमा मालवस्तुका विवरणहरूको विद्युतीय अभिलेख नेपाल सरकारको डाटा सेन्टरमा रहन्छ। उक्त डाटा सेन्टरबाट प्राप्त हुने सूचनाहरू व्यवसायी आफै वा सरकारी निकायहरूले सहज उपयोग गर्न सक्दछन्। यस प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनका लागि सम्बद्ध व्यवसायीहरूका प्रतिनिधिमूलक केन्द्रीय संस्थाहरूबाट सहकार्यका लागि एकबद्धता सहितको तत्परता देखिएको छ। शुरूवाती दिनमा यस प्रणालीलाई अवलम्बन गर्ने व्यवसायीहरूको सङ्ख्या उत्साहजनक देखिएको छ। राजस्व अनुसन्धान विभागले समेत प्रवर्द्धनात्मक रणनीति अख्तियार गरी व्यवसायीलाई यस प्रणालीप्रति अभ्यस्त गराउनका लागि देशव्यापी रूपमा विभिन्न प्रचारप्रसार तथा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।यो प्रणाली नेपाल सरकारको केन्द्रीय सूचना प्रणालीसँग आबद्ध गरिएको छ र सूचना

विभागबाट प्रणालीको सुरक्षा परीक्षण समेत गरिएको छ। राजस्व अनुसन्धान विभागले VCTS कार्यान्ययनमा सहजताको लागि एक इकाई नै स्थापना गरेर कार्य गर्दै आएको छ। हाल यस प्रणालीमा सबै पक्षको सक्रिय सहभागिता देखिएको छ। यस प्रणालीको कार्यान्वयनलाई प्रभावकारी बनाउन यस विभागले नियमित अनुगमन निरीक्षण गर्दै आएको छ। साथै, प्रणालीले निर्धारण गरेका मापदण्डको उल्लङ्घन गर्नेहरूलाई जरिवाना समेत गर्दै आएको छ।

## ५.२ Vehicle & Consigment Tracking System कार्यान्वयनको नीतिगत आधार

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२को दफा १३ ग मा रहेको वेवमा आधारित अनलाईन ढुवानी साधन अनुगमन प्रणाली लागु गर्ने भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउनका लागि राजस्व अनुसन्धान विभागले यस सफ्टवेयर प्रणालीको निर्माण गरी कार्यान्वयनमा ल्याएको हो।साथै, आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं ३ २१ मा उल्लेखित चोरी निकासी पैठारी र आन्तरिक उत्पादनको परिवहनमा हुने विचलनलाई न्यूनीकरण गरी राजस्व चुहावट नियन्त्रण गर्न उत्पादन, परिवहन र बिक्रीसम्मको श्रृङ्खलालाई ट्र्याकिङ् प्रणालीमा आबद्ध गरिनेछ भन्ने व्यवस्था कार्यान्वयन गर्ने प्रयोजनार्थ यस प्रणाली तयार गरी कार्यान्वयनमा ल्याइएको हो। हाल यो प्रणालीको प्रभावकारी कार्यान्वयन भइरहेको छ। यसको स्तरोन्नति गर्न तथा अन्य सम्बद्व प्रणालीसँग अन्तरआबद्धता गर्ने कार्य अगाडि बढिरहेको छ।

## ५.३ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS)को आवश्यकता/औचित्यता

- नेपालमा व्यवसायिक मालवस्तुहरूको आन्तरिक ओसारपसार गर्दा मालवस्तु वा कारोबारसँग सम्बन्धित कागजातहरू साथमा लिई हिड्नुपर्ने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन, आन्तरिक राजस्व विभागबाट जारी व्यापारिक वस्तुहरूको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५मा समेत रहेको छ। राजस्व अनुसन्धान विभागले आफ्ना चेकपोष्टहरूमार्फत व्यापारिक मालवस्तुहरूको कारोबार सत्यताको परीक्षण गर्दै आएको थियो। राजस्व अनुसन्धानका चेकपोष्टहरूमा जम्मा हुने यस्ता कागजातहरूको एकमुष्ट डाटावेस तयार गर्न नसक्दा अनुसन्धान तथा कर परीक्षण गर्ने कुनै पनि निकायले त्यस्ता सूचनाहरू उपयोग गर्न नसकेको अवस्था समेतलाई मध्येनजर गरी सूचना प्रविधिमा आधारित यस सफ्टवेयर प्रणालीको निर्माण गरी सम्बन्धित सरोकारवाला निकाय वा पक्षहरूले त्यस्ता सूचनाको पूर्ण उपयोग गर्न सक्ने गरी प्रणालीको विकास गरिएको छ।
- नेपाल भित्रको आन्तरिक कारोबारलाई व्यवस्थित र पूर्ण अभिलेखीकरण गर्न यस प्रणालीले सहयोग पुऱ्याउँदछ। एउटै बिलबीजक वा प्रज्ञापन पत्रबाट पटक पटक मालवस्तुहरू

ओसारपसार भई व्यापार विचलन तथा राजस्व चुहावट हुने जोखिम निराकरण गर्नमा यसले सहयोग पुऱ्याउँदछ।

- मालवस्तुको ढुवानीमा समय र लागत घटाई व्यापार सहजीकरणका लागि यो प्रणाली सक्षम हुने अपेक्षा गरिएको छ। यस प्रणालीको पूर्ण कार्यान्वयन पछि राजस्व अनुसन्धान विभाग अन्तर्गत रहेका सम्पूर्ण चेकपोष्टहरू रहने छैनन्। व्यवसायिक प्रकृतिका मालवस्तुहरू ओसापसार गर्ने फर्म वा कम्पनीहरूले ठेलीका ठेली कागजातहरूको फोटोकपी गरी लाइनमा बसी चेकपोष्टमा बुझाउनुपर्ने बाध्यताको अन्त्य हुनेछ। जसबाट व्यापार व्यवसायको लागत र समयमा बचत हुने देखिन्छ।
- यो प्रणालीको माध्यमबाट व्यवसायिक कारोबारको विद्युतीय अभिलेख केन्द्र स्थापना हुने छ। यसबाट सिर्जना हुने तथ्याङ्कका आधारमा राजस्व चुहावट जोखिमका क्षेत्रहरूको पहिचान गरी जोखिमका आधारमा चुहावट नियन्त्रणको रणनीति तयार गरी कार्यान्वयन गर्न सहयोग पुग्दछ।
- व्यवसायीहरूका बीचमा स्वेच्छिक कर सहभागिताको स्तर बढ्न गई स्वस्थ व्यवसायिक प्रतिस्पर्धा प्रवर्द्धन गर्न सहयोग पुग्नेछ। अवैध कारोवार तथा व्यापार विचलनमा सक्रिय स्वार्थ समूहहरूको पहिचान गरी तिनीहरूलाई कानुनी दायरामा ल्याउन समेत सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।
- व्यावसायिक मालवस्तुहरूको आन्तरिक ओसारपसार बढ्दै गएको छ। पर्याप्त जनशक्ति तथा प्रविधि अभावका कारण सबै प्रकृतिका कारोबारहरूमा निगरानी राख्न सकिने अवस्था छैन। तसर्थ, जोखिममा आधारित अनुगमन प्रणाली अवलम्बन गर्दै Digital Check Post हरू खडा गर्न यसले सहयोग पुऱ्याउँदछ। राजस्व चुहावटका उच्च जोखिमयुक्त क्षेत्रहरूमा राजस्व अनुसन्धान विभागको पहुँच स्थापित गर्न सहज हुनेछ।
- राजस्व चुहावटसँग सम्बन्धित उजुरीहरूको सत्यता परीक्षण गर्दै छानबिन तथा अनुसन्धानलाई वस्तुनिष्ठ, तथ्यपरक र प्रमाणमा आधारित गराउन सकिने हुन्छ। करदाताहरू उपर हुँदै आएका अनुसन्धान तथा कर निर्धारणका लागि पर्याप्त प्रमाणहरू जुटाउनका लागि यस प्रणालीको डाटावेसको उपयोग गर्न सकिन्छ।

### ५.४. मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को सफल कार्यान्वयनको लागि भएका प्रयासहरू

मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणालीको सफल कार्यान्वयनको लागि राजस्व अनुसन्धान विभागले सरोकारवालहरूसँग नियमित रूपमा छलफल तथा अन्तरक्रिया गर्ने गरेको छ। विभाग अन्तरगतका कार्यालयहरूबाट समेत कर्मचारीहरु, सेवाग्राही तथा सम्बद्ध क्षेत्रसँग अन्तरक्रिया, छलफल लगायतका कार्यक्रम गर्ने गरिएको छ।

## ५.५ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को कार्यान्वयन अवस्था

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा VCTS प्रयोगकर्ता सङ्ख्या २ लाख ९९ हजार पुगेको छ। यस प्रणालीमा वर्षभरीमा जम्मा १ करोड १५ लाख ८८ हजार कन्साइन्मेन्टहरू प्रविष्टी भएका छन्। उक्त कन्साइन्मेन्टहरूको विस्तृत विवरण निम्नानुसार रहेको छ।

आ.व. २०८१/८२ मा VCTS प्रणलीबाट भएको कारोवारको तथ्याङ्कीय विवरण

| कागजात घोषणाको प्रकार | कन्साइन्मेन्ट सङ्ख्या (हजार) | कागजात सङ्ख्या (हजार) | कारोवार रकम (रू.करोड) |
|---|---|---|---|
| बिल | १०१९२ | २०८३५ | ३७७१३७ |
| चलान | ५३७ | ७६६ | ३९६३३ |
| प्रज्ञापन पत्र | ३४२ | ५२० | ११७९७८ |
| DR नोट | १८ | २९ | ५६८ |
| अन्य | ४१७ | १६७० | १६२२० |
| CR नोट | ८ | १२ | १९७ |
| निकासी बिल | ७५ | ८४ | २०४६२ |
| **जम्मा** | **११५८८** | **२३९१७** | **५७२१९६** |

## ५.६ मालवस्तु तथा ढुवानी अनुगमन प्रणाली (VCTS) को अनुगमन तथा कारबाही

**(क) विभाग तथा कार्यालयहरूबाट भएका अनुगमन र कारबाहीको सङ्ख्यात्मक विवरणः**

| सि.नं. | शाखा/कार्यालय | सङ्ख्या | जरिवाना रू. |
|---|---|---|---|
| १ | इटहरी | ३४३ | १०००६००० |
| २ | पथलैया | २१९ | ९९९८००० |
| ३ | बुटवल | १९८ | ७१७५००० |
| ४ | कोहलपुर | ५२४ | १५७१०००० |
| ५ | अनुसन्धान शाखा-१ | १ | २५००० |
| ६ | अनुसन्धान शाखा-२ | २ | १२५००० |
| ७ | अनुसन्धान शाखा-३ | २ | ३००००० |
| ८ | अनुसन्धान शाखा-४ | ३ | १००००० |
| ९ | अनुसन्धान शाखा-५ | १ | ५०००० |
| १० | अनुसन्धान शाखा-७ | ४ | २००००० |
| ११ | प्रशासन | ३ | ३२५००० |
| १२ | योजना, अनुगमन तथा गस्ती परिचालन | २ | १००००० |
| **जम्मा** | | **१३०२** | **४४११४०००** |

### ५.७ प्रणाली कार्यान्वयका लागि सम्बोधन गर्नुपर्ने चुनौतीहरू :

- यस प्रणालीको कार्यान्वयनका लागि व्यवसायीहरूलाई थप आर्थिक दायित्व सिर्जना हुँदैन तर कम्प्युटर वा मोबाइल तथा इन्टरनेटको पहुँच अनिवार्य हुन्छ। नेपालको सबै क्षेत्र तथा व्यवसायीमा इन्टरनेटको द्रुत पहुँच पुऱ्याउनु चुनौतीपूर्ण देखिन्छ। कहिलेकाहीं आवश्यकताले आविष्कारको माग गर्दछ। यसैलाई मध्यनजर गरी नेपालको सबै क्षेत्रमा विद्युत तथा इन्टरनेटको सुविधा उपलब्ध गराउन सम्बन्धित निकायलाई सकारात्मक दबाब समेत सिर्जना हुन सक्दछ।
- नेपालको व्यापार व्यवसाय अझै पनि परम्परागत प्रकृतिको छ। एउटै व्यवसायीले विभिन्न प्रकृतिका मालवस्तुहरूको आयात वा कारोबार गर्ने, व्यवसायमा सूचना प्रविधिको प्रयोग नगर्ने जस्ता समस्या छन्। त्यस्ता व्यवसायीहरूलाई प्रविधिमैत्री बनाउनु चुनौतीपूर्ण छ। हिजोका दिनमा मोबाइल फोन तथा सामाजिक सञ्जाल प्रयोग गर्न कसैले जानेको थिएन,।प्रविधि भित्रियो सबै प्रयोगकर्ता अभ्यस्त हुदै गए। यो प्रणाली पनि त्यस्तो जटिल नभएकोले प्रयोगसँगै अभ्यस्त हुदै जाने अपेक्षा गर्न सकिन्छ। सचेतना अभिवृद्दि तथा सशक्तिकरण भने आवश्यक पर्दछ ।
- यस प्रणालीले सही कारोबार गर्ने व्यवसायीहरूलाई फाइदा नै पुऱ्याउँदछ। अवैध कारोबारलाई निगरानी गर्न सहज हुने, जोखिमका क्षेत्रहरू पहिचान गर्न सकिने, सम्पूर्ण व्यवसायलाई अभिलेखीकरणको दायरामा ल्याउन सकिने हुँदा यसलाई चुनौतीको रूपमा भन्दा पनि अवसरको रूपमा लिनुपर्ने देखिन्छ।
- यसको क्षमता विकास र स्तरोन्नति आवश्यक छ। यसको पूर्वाधार विकास, क्षमता विकास, जनशक्ति व्यवस्थापन तथा अन्य प्रणालीसँगको अन्तरआबद्धताका लागि पर्याप्त बजेट व्यवस्था गर्नुपर्ने देखिन्छ।
- यसको प्रभावकारी कार्यान्वयनका लागि सेवाग्राही, व्यवसायी तथा अन्य सम्बद्ब व्यक्ति, निकाय तथा संघ संस्थाहरुसँग निरन्तर छलफल, अन्तरक्रिया तथा सूचना आदाप्रदान अत्यावश्यक देखिन्छ। यसले राजस्व चुहावट नियन्त्रण र अनुसन्धानमा समन्वय, सहकार्य तथा Networking अभिवृद्धि गर्दछ।

# परिच्छेद ६
# राजस्व छलीमा पहिचान गरिएका मुलभूत प्रवृत्ति/समस्याहरु

विश्वव्यापी प्रवृत्तिलाई हेर्दा जहाँ राजस्व सङ्कलनका लागि कानुन बनाइन्छ त्यहाँ उठ्नुपर्ने राजस्व र उठेको राजस्वबीच अन्तर रहने गर्दछ। यस्तो अन्तर देशको विकासको स्तर, जनताको चेतनाको स्तर, सरकारको कानुन परिपालना गराउन सक्ने सामर्थ्यता लगायतमा निर्भर रहन्छ। उठ्नुपर्ने कर र उठिरहेको राजस्व बीचको अन्तर कम गराउन निगरानी गर्ने विशिष्टीकृत निकायहरूको स्थापना गरिएको हुन्छ। कानुन बमोजिम भुक्तानी गर्नुपर्ने राजस्वमा सहभागिताको हिसाबले हेर्दा ४ प्रकारका व्यक्तिहरू रहन्छन्। पहिलो प्रकारको व्यक्ति कर तिर्न चाहन्छ, दोश्रो प्रकारको तिर्न नसक्ने वा नजान्ने हुन्छ, तेश्रो प्रकारको व्यक्ति तिर्न नचाहने हुन्छ भने चौथो प्रकारको व्यक्तिले राजस्व सहभागिता नगर्ने निर्णय गरी राज्यलाई चुनौती दिएको हुन्छ। शुरूका तीन प्रकारका व्यक्तिहरूलाई राजस्व सङ्कलन गर्ने मूल जिम्मेवारी पाएका निकायहरूले सेवाको गुणस्तरीयता अभिवृद्धि, शिक्षा र चेतनामूलक कार्यक्रम, निरीक्षण, परीक्षण जस्ता कार्यहरू गरी उनीहरूको राजस्व सहभागिता बढाउने कार्य गर्दछन्। चौथो प्रकारको व्यक्ति जो नियोजितरूपमा राजस्व परिपालना नगर्ने निर्णयमा पुगेको हुन्छ त्यस्तो समूहका व्यक्तिहरूका बारेमा तथ्य र सूचनामा आधारित भई विशेष खोज, छानबिन तथा कारबाही गर्नुपर्दछ।यस्ता व्यक्तिलाई कारबाही नगर्दा अन्य तीन प्रकारका व्यक्तिहरूको राजस्व सहभागिता पनि क्रमिकरूपमा गिरावट आउँदछ। त्यसैले गम्भीर प्रकृतिका राजस्व चुहावट एवम् छलीमा संलग्न हुँदाको जोखिमको मात्रा (Risk Factor) बढाउनु पर्दछ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनले राजस्व चुहावट गरेको मानिने कसूरहरूको सूची उल्लेख गरेको छ।कुनै पनि व्यक्तिले राजस्व चुहावट गर्न गराउन वा गर्ने उद्योग गर्न वा त्यस्तो कार्य गर्न कुनै पनि कर्मचारीलाई कुनै पनि प्रकारले मद्दत गर्न, झुठ्ठा लेखा प्रमाणित गर्न, राजस्वको दायित्व कम हुने गरी मालवस्तुको विवरण घोषणा गर्न, गलत परामर्श दिन वा त्यस्तो कार्यमा मतियार हुन वर्जित गरेको छ। त्यस्तो कार्यमा संलग्नलाई कडा सजायको व्यवस्था गरेको। राजस्व अनुसन्धान विभाग लगायत अर्थ मन्त्रालय र सो मातहतका विभागहरू, सुरक्षा निकायहरू यी र यस्ता गलत कार्य नियन्त्रणमा लागिरहेको भएतापनि राजस्व छलीका घटनाहरूमा सोचे अनुरूप कमी आउन सकेको छैन।

राजस्व अनुसन्धान विभागले गत आर्थिक वर्षमा गरेका अनुसन्धानका कार्यहरूबाट राजस्व छलीका विभिन्न प्रवृत्तिहरू देखिएका छन्। धेरैजसो पुरानै प्रवृत्तिहरू पनि दोहोरिएका छन् भने

कतिपय नयाँ प्रवृत्तिहरू समेत देखिएका छन् भने । विद्युतीय अर्थतन्त्र (Digital Econoy) का कारण व्यापार व्यवसायको तरिकामा परिवर्तन आएको छ। नेपालमा अनौपचारिक अर्थतन्त्रले ठूलो हिस्सा ओगटेको छ। यस्तो कार्यमा व्यापक कर/राजस्व छली बढिरहेको अवस्था छ। सबै प्रकारका राजस्व चुहावट तथा छलीका कार्यलाई कानूनी दायरामा ल्याउन ढिला गर्न नहुने अवस्था छ। त्यसैगरी, व्यापार व्यवसायको तरिकामा आएको परिवर्तन अनुसार अनुसन्धान गर्न सक्षम हुने गरी जनशक्तिको विकास गर्नु पर्ने समेत देखिएको छ।

मूल रूपमा राज्यले राजस्व प्राप्त गर्ने भन्सार नाका क्षेत्र र आन्तरिक बजार क्षेत्र दुइटैमा राजस्व चुहावटका जोखिमहरू उत्तिकै देखिएका छन्। ती जोखिमका क्षेत्र र राजस्व छलीका प्रवृत्ति/समस्याहरु तपशील बमोजिम रहेका छन्ः—

**६.१. भन्सार नाका क्षेत्र**

- आयात निर्यातको कारोबार पूर्ण रूपमा बैङ्किङ्ग प्रणालीमार्फत हुने नगरेको।
- भन्सार विभागले समय समयमा प्रकाशित गर्ने पैठारी सूचना अभिलेख मूल्यलाई छल्ने नियतले मालवस्तु छदम नाम घोषणा गरी मूल्य फरक पार्ने गरेको।
- न्यून भन्सार महसुल दर लाग्ने वस्तुमा अधिक बीजकीकरण गरी विदेशी मुद्रा अपचलन तथा करकट्टी सुविधा समेत लिने गरेको।
- अधिक भन्सार महसुल दर लाग्ने वस्तुहरूमा न्यून बीजकीकरण गरी राजस्व छली गर्ने गरेको।
- पैठारी गर्ने मालवस्तुको प्रतितपत्र खोल्दा हार्मोनाइज्ड संकेत (Haronized Code),नाम, ब्राण्ड, मोडेल, मूल्य स्पष्ट खुलाउने नगरेको।
- निकासी/पैठारी हुने मालवस्तुको बीजकमा विस्तृत विवरण (Specification) उल्लेख गर्ने नगरिएको हुँदा वर्गीकरण सही हुन नसकेको।
- गुणस्तरीय प्रयोगशाला परीक्षण (Lab Test) को अभावमा मालवस्तुको सही पहिचान हुन नसकेको।
- निकासी पैठारी हुने मालवस्तुको विवरण (परिमाण, मूल्य, प्रकृति, रूप, आकार लगायत) गलत घोषणा गरी दरबन्दी फरक पारी न्यून राजस्व तिर्ने गरेको।
- वास्तविक कारोबार खर्च नदेखाउने प्रवृत्ति।
- कम भन्सार दर लाग्नेमा अधिक बीजकीकरण (Over Invoicing) र बढी भन्सार दर लाग्नेमा न्यून बीजकीकरण (Under Invoicing) हुने गरेको।
- तयारी वस्तु (Finished Goods) लाई टुक्राएर भाग (Parts) को रूपमा फरक फरक प्रज्ञापन पत्र र ढुवानी साधनबाट ढुवानी गर्ने गरेको देखिएको छ।

### ६.२. भन्सार नाका बाहिरका क्षेत्र

विशेष गरी नेपालको भारततर्फ खुला एवम् सहज सीमाना रहेकोले भन्सार विन्दु बाहेकका स्थानबाट अनाधिकृत रूपमा मालवस्तु ओसारपसार हुने गरेको अवस्था छ। खुला सीमा नाकालाई व्यवस्थित गर्न नसक्दा तस्करी कार्यमा संलग्नहरूले अनाधिकृत लाभ लिइरहेका छन्। तस्करी कार्यलाई सीमा नाका क्षेत्रका स्थानीय बासिन्दाहरूले स्वरोजगार पेशाको रूपमा लिई जीवन निर्वाहको माध्यम बनाएको अवस्था छ। स्थानीय उपभोगका मालवस्तु लगायत मलखाद एवम् इलेक्ट्रोनिक्स सामानसमेतको चोरी पैठारी हुने गरेको छ। भन्सार नाका बाहिरबाट हुने यस्तो अनाधिकृत व्यापार प्रणालीलाई नियन्त्रण गर्न स्थानीय प्रशासन एवम् भन्सार प्रशासनलगायतका निकायहरूले सीमा नाका व्यवस्थित गरी सीमा क्षेत्रमा प्रभावकारी रूपमा गस्ती परिचालन गर्नुपर्ने देखिएको छ।

### ६.३. आन्तरिक बजार क्षेत्र

मुलुकले प्राप्त गर्ने राजस्वको अर्को क्षेत्र आन्तरिक बजार हो। स्वदेशमा पेशा, व्यवसाय र उद्योग सञ्चालन गर्ने व्यक्ति/निकायले राज्यलाई तिर्नुपर्ने राजस्वभन्दा घटी राजस्व तिर्ने नियतले आफ्नो आयको सही घोषणा नगर्ने, नपाउने छुट दाबी गर्ने, असम्बन्धित खर्च दाबी गर्ने, अग्रीम कर कट्टी (TDS) नगर्ने, उत्पादन हिसाब सही नदेखाउने, अन्तः शुल्क लाग्ने वस्तुको बिक्रीमा लाग्ने अन्तः शुल्क स्टिकर नक्कली प्रयोग गर्ने, एउटै स्टिकर पटक पटक प्रयोग गर्ने, होटेल तथा ट्राभल व्यवसायीले विदेशी विनिमयको सही हिसाब नदेखाउने, नियमानुसार मूल्य अभिवृद्धि कर असुल नगर्ने, शैक्षिक परामर्श दिने संस्थाहरूले प्रदान गर्ने सेवा परामर्शमा मू.अ. कर असुल नगर्ने, विद्यार्थी आपूर्ति गरेवापत बाह्य विश्वविद्यालयबाट प्राप्त हुने कमिशनलाई आयमा नदेखाउने, सम्पत्ति र दायित्वको निःसर्गबाट प्राप्त खुद लाभको सही गणना नगर्ने जस्ता क्रियाकलापहरू गरी राजस्व चुहावट गर्ने गरेको देखिएको छ। यसरी हुने राजस्व चुहावटका घटनाहरूको नियन्त्रण प्रभावकारी रूपमा हुन नसकेमा स्वभाविक रूपमा राजस्व छलीका घटनामा बढोत्तरी आउँदछ। विभागको अनुसन्धान कार्यबाट आन्तरिक बजार क्षेत्रमा राजस्व चुहावटका निम्न प्रवृत्तिहरू बढी देखिएका छन्ः-

- व्यावसायिक कारोबारसँग असम्बन्धित खर्च दाबी गरी करयोग्य आय घटी देखाउने गरेको।
- राजस्व सम्बन्धी विभिन्न ऐनले दिएको छुटको सीमाभन्दा बढी छुट दाबी गर्ने गरेको।
- नोक्सानी समायोजन तोकिएको अवधिभन्दा बढी अवधिको गर्ने गरेको।
- लगानीको नोक्सानीलाई व्यावसायिक नोक्सानीमा समायोजन (Adjustment) गर्ने गरेको।
- आयकर ऐन, २०५८ ले तोकेको भुक्तानीमा नियमानुसार अग्रीम कर कट्टी (TDS) हुने नगरेको र कट्टी गरेकोमा पनि समयमा दाखिला हुने नगरेको।

- व्यावसायिक प्रयोजनका लागि भाडामा लिइएका घरबहालको सम्झौता र वास्तविक भुक्तानी फरक फरक हुने गरेको।
- घर जग्गाको कारोबारमा वास्तविक कारोबार मूल्य नदेखाई मालपोत कार्यालयबाट तोकिएको न्यूनतम मोल देखाई पुँजीगत लाभकर छल्ने गरेको।
- आकस्मिक रूपमा प्राप्त पुरस्कार, उपहार, चिट्ठा, जुवा आदिमा हुने आकस्मिक लाभमा नियमानुसार कर कट्टी गर्ने नगरेको।
- ऐनले तोकेको भन्दा बढी ह्रासकट्टी दाबी गर्ने गरेको लगायत।

## ६.४. वस्तु व्यापारतर्फ

- सक्कली बीजकको आडमा नक्कली कारोबार हुने गरेको अर्थात् भौतिक रूपमा मालसामान वा सेवा आपूर्ति नगरी बीजकमात्र जारी गरी उक्त बीजकबाट कर कट्टी र खर्च दाबी गर्ने गरेको।
- करतर्फ खरिद बिक्री वास्तविक कारोबार मूल्यमा नदेखाउन दुई प्रकारका खाता प्रयोग गर्ने गरेको।
- व्यावसायिक मौज्दात (Stock) को परिमाण र मूल्य वित्तीय हिसाब विवरणमा स्पष्ट रूपमा देखाउने नगरेको।
- उद्योग व्यवसायको गोदामको क्षमताभन्दा बढी मौज्दात (Stock) रहेको विवरणमा देखाउने गरेको।
- व्यापारिक फर्म (Trading Firm) ले असम्बन्धित व्यक्तिलाई नगद कमिशन (Cash Commission) खर्च देखाउने गरेको, व्यापारिक छुट/बीजकमा छुट (Trade Discount/Bill Discount) भने देखाउने नगरेको।
- वारेन्टी (Warranty) खर्च दाबी गरेकोमा उत्पादकबाट प्राप्त हुने सोधभर्ना रकम देखाउने नगरेको।
- कर बीजक प्रयोग नगरी लुज बिलबाट बिक्री गर्ने गरेको।
- बैङ्क ऋणलाई अन्य भगिनी व्यवसायमा प्रयोग गरी ब्याज खर्च दाबी गर्ने गरेको।
- सञ्चालकहरूले हरेक वर्ष कारखाना (Factory) र व्यवसायिक फर्म (Business Firm) थपिरहने तर सञ्चालक सम्बद्ध व्यवसाय निरन्तर नोक्सानीमा देखाइरहने गरेको।
- सञ्चालक सम्बद्ध कम्पनीलाई न्यून मूल्यमा आपूर्ति गर्ने गरेको।
- स्व-उपयोग (Self Consumption) लाई आयमा देखाउने नगरेको लगायत।

## ६.५. सामान्य उद्योग क्षेत्रतर्फ

- कच्चा पदार्थ, अर्द्ध तयारी वस्तु र तयारी वस्तुको परिमाण र मूल्यको हिसाब सही रूपमा देखाउने नगरेको।

- उद्योग विभागबाट स्वीकृत स्थापित मापदण्ड (Norm) अनुसार उत्पादित वस्तुको हिसाब देखाउने नगरेको।
- कारोबारसँग असम्बन्धित खर्च दाबी गरी उत्पादन लागत उच्च (High Production Cost) देखाउने गरेको।
- गलत हिसाब तयार गरी उत्पादित परिमाण (Production Quantity) सही देखाउने नगरेको।
- व्यावसायिक भवन वा संरचना निर्माणमा मूल्य अभिवृद्धि कर असुल गर्ने नगरेको।
- अन्तः शुल्कजन्य कारोबार गर्ने करदाताले प्याकिङ मेटेरियल्समा तिरेको नपाउने क्रेडिट दाबी गर्ने गरेको।
- कर छुट पाएका निकायहरूले छुटको उद्देश्य विपरीत कारोबार गरी करबाट उन्मुक्ति लिने गरेको।
- अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगको कमजोर Stock arrangement प्रणाली रहेको तथा मदिरा व्यवसायीले कम शक्ति (UP) को स्टिकर बढी शक्ति (UP)को बोतलमा प्रयोग गर्ने गरेको।
- अन्तःशुल्क लाग्ने वस्तुमा प्रयोग हुने स्टिकर नक्कली प्रयोग हुने गरेको।
- अन्तःशुल्क लाग्ने वस्तुको जर्ती मिनाहा समयमा गर्ने नगरेको आदि।

### ६.६. सेवा व्यापार क्षेत्रतर्फ

**अ. सफ्टवेयर क्षेत्र**

- नेपालबाट निर्यात हुने कम्प्युटर सफ्टवेयर (Software) लगायत सेवा निर्यात (Export) मा बीजक जारी (Invoicing) हुने नगरेको।
- सेवा व्यापारको भुक्तानीको तारिका (Mode of Payent) को स्पष्ट खुलासा हुने नगरेको।
- निर्यातकर्ता (Exporter) र आयातकर्ता (Importer) बीचको सम्झौता (Agreement) अनुसार सेवा निर्यात-आयात हुने नगरेको आदि।

**आ. म्यानपावर व्यवसाय**

- विदेशबाट प्राप्त हुने कामदारको माग पत्र (Demand Letter), शर्तनामा (Terms and Conditions), कमिशन (Commision) र श्रम विभागबाट दिइने पूर्व तथा अन्तिम स्वीकृतिमा कामदारको खर्च र लाग्ने सेवा शुल्क स्पष्ट रूपमा खुलाउने नगरेको।
- कामदारबाट सेवा शुल्कवापत बढी रकम लिई न्यून आय देखाउने गरेको।
- विदेशस्थित कम्पनीलाई कामदार आपूर्ति गर्दा भर्नाको लागत (Recruiting Cost) वापतको कमिशन (Commision) आय देखाउने नगरेको आदि।

**इ. निर्माण क्षेत्र**

- परिमाणको बिल (Bill of Quantities) र सम्झौता (Agreement) अनुसार आय तथा खर्च देखाउने नगरेको।
- कामको प्रकृतिसँग अमिल्दो सामान खरिदको बीजक देखाउने गरेको जस्तै- कालोपत्रे  गर्ने कामको लागि फलामे रड खरिद गरेको बीजक हुने गरेको।
- झुट्टा कारोबारका बीजक संलग्न गर्ने गरेको।
- उपकरण (Equipment) भाडामा लिएको भनी फर्जी सम्झौता पेश गर्ने गरेको।
- निर्माण कार्यमा संलग्न कामदार कर्मचारीलाई थोरै रकम तलब भत्ता उपलब्ध गराए पनि धेरै दाबी गर्ने गरेको लगायत।

**ई. पर्यटन क्षेत्र**

- विदेशी विनिमयको कारोबार (Foreign Transaction) सही रूपमा देखाउने नगरेको।
- मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर उठाउने नगरेको।
- विदेशी विनिमयको आय नदेखाउने तर खर्च दाबी गर्ने गरेको ।
- पर्यटक उद्धारको नाममा विमा वापत मोटो रकम प्राप्त गरेपनि आयमा देखाउने नगरेको।
- पर्यटक र बीमा व्यवसायीसँगको मिलोमतोमा नक्कली बिजक जारी गर्ने गरेको।

**उ. शैक्षिक परामर्श सेवा क्षेत्र**

- विदेश जानेसँग सेवा शुल्क बढी लिने तर न्यून आय देखाउने गरेको।
- विदेशस्थित विश्वविद्यालयबाट प्राप्त कमिशनलाई आयमा देखाउने नगरेको।
- सेवा बिक्रीमा मूल्य अभिवृद्धि कर उठाउने नगरेको  लगायत।

**६.७. लगानीतर्फ**

- लामो तथा छोटो अवधिको लगानी (Long Term and Short Term Investment) को प्रतिफलको अभिलेखाङ्कन सही हुने नगरेको।
- शेयर/बण्ड/जग्गा (Share/Bond/Land) मा भएका लगानी र प्रतिफलको आय नदेखाउने गरेको।
- कम्पनीमा प्राप्त भएका आयमध्ये आंशिक आयमात्र घोषणा गर्ने गरेको लगायत।

**६.८. रोजगारी आयतर्फ**

- आय कम देखाउने वा नदेखाउने गरेको।
- डाक्टर, वकील, चार्टर्ड एकाउण्टेण्ट जस्ता परामर्शदाताहरूले लिने सेवा शुल्क फरक फरक भुक्तानी केन्द्रबाट भुक्तानी गरी कर छल्ने गरेको।
- अग्रीम कर १५ प्रतिशत मात्र कट्टा गरी सम्पूर्ण आयलाई आय विवरणमा समावेश गर्ने नगरेको, पति पत्नी दुवैको रोजगारी आय हुँदा दम्पत्ति सुविधाको दुरूपयोग गर्ने गरेको।
- विदेशी विनिमयमा हुने आय सही रूपमा देखाउने नगरेको आदि।

### ६.९. विदेशी विनिमय क्षेत्र

- भन्सार माफी तथा न्यून भन्सार महसुल लाग्ने सामान (कपास, मेडिकल Equipment लगायत) पैठारीमा अधिक बीजकीकरण गरी विदेशी मुद्रा अपचलन गरेको।
- न्यून मूल्यको सामानको अधिक बीजकीकरण गरी विदेशी विनिमय अपचलन गरेको।
- हुण्डी (मूलतः विप्रेषण आय) बैङ्किङ्ग माध्यमको पहुँचमा सबै आइनसकेको (Remittance Without Banking Channel)।
- मालवस्तु पैठारी नै नगरी नक्कली बैङ्किङ्ग अभिलेख (Fake Bank Documents)बाट विदेशी मुद्रा अपचलन गर्ने गरेको।
- विदेशी मुद्रा अवैध रूपमा सञ्चय/ओसारपसार र कारोबार हुने गरेको।

### ६.१० विशेष जोखिम

- पचास प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएका निकायको स्वामित्व परिवर्तन हुँदा आयकर ऐन, २०५८ को दफा ५७ अनुसार दुईवटा आय विवरण/वित्तीय विवरण पेश गर्नुपर्नेमा सो पेश गर्ने नगरेको।
- कम्पनी/निकायको घरजग्गाको स्वामित्व बिक्री हुँदा वास्तविक कारोबार मूल्य नदेखाई मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्य मात्र उल्लेख गर्ने प्रवृत्ति अधिक रूपमा रहेको। यसरी न्यून मूल्याङ्कनमा घर जग्गा रजिष्ट्रेशन गरिए पनि बैङ्क खाताबाट भने वास्तविक कारोबारको रकम लेनदेन हुने गरेको।

# परिच्छेद ७
# विभागको सोच, गन्तव्य र आगामी मार्गचित्र

आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम मार्फत् सरकारले राष्ट्रिय आवश्यकता तथा जनचाहनाअनुरूप लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद उन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विधास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न स्रोतको सङ्कलन बढाउनुपर्ने आवश्यकता रहेको छ। राजस्व अनुसन्धान विभागको आगामी दिनका कार्यहरू सरकारले लिएको दीर्घकालीन सोचलाई सहयोग पुग्ने गरी राजस्वको सम्भावना र सङ्कलन बीचको अन्तरलाई कम गर्ने दिशामा निर्देशित हुनेछन्।

विभागले विगतमा प्रत्यायोजित अधिकारबाट राजस्व प्रशासनका कानुनहरू प्रयोग गर्दै आएको थियो। गम्भीर प्रकृतिका राजस्व छलीमा संलग्न हुनुपर्ने विभाग राजस्व प्रशासनका अन्य विभागबाट सम्पादन हुन सम्भव हुने कार्यहरूमा समेत कहिलेकाहीँ संलग्न हुने गरेको आरोप विगतमा यस विभागलाई लाग्ने गरेको सुनिएता पनि हाल आएर राजस्व चुहावट तथा नियन्त्रण ऐनको प्रयोग मार्फत् अनुसन्धान तथा अभियोजन गर्ने अभ्यास भएको छ। यस सन्दर्भमा, आफ्ना आधारभूत कार्यहरुमा नवप्रवर्तन र प्रविधिमैत्री रुपमा सम्बद्व सबैको समन्वय र सहकार्यमा अनवरत लागी परी राजस्व चुहावट नियन्त्रणमा Centre of Excellence का रुपमा आफूलाई स्थापित गर्न आवश्यक छ। यसो भएमा मात्र उठेका प्रश्न तथा आलोचनाको जवाफ कार्य तथा नतिजा मार्फत विभागले दिन सबल र सक्षम अवश्य रहन्छ। यसतर्फ विभाग र मातहत निरन्तर सजग तथा सक्रिय भई राजस्व चुहावट नियन्त्रण र अर्थतन्त्रमा राजस्वको योगदान बढाउन आफूलाई अब्बल सावित गर्न जरुरी छ।

आगामी दिनमा सूचना सङ्कलन, अनुसन्धान तहकिकात अझ बढी व्यवस्थित र योजनाबद्ध ढङ्गबाट सम्पादन गर्न विभाग प्रतिवद्ध रहेको छ। यसका लागि विभागले चरणबद्ध उपलब्धि सहितको कार्ययोजना (Milestone) तयार गरी रणनीति बनाएको छ। विभागको आगामी कार्ययोजनामा देहायका विषयहरू समेटिनेछन्, जसको कार्यसम्पादन प्रगतिसँगै विभाग Role Model Organization को रूपमा स्थापित हुने विश्वास लिइएको छ।

## क. नीतिगत मार्गचित्र

- विभागले प्रयोग गर्ने राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा केही नेपाल ऐन संशोधन, २०८१ समावेश गरेका व्यवस्थालाई नियमावलीमा समेत समावेश

गर्न नियमावलीमा संशोधन गर्ने कार्य यथाशीघ्र अघि बढाउने। परिवर्तित परिवेश, प्रवृत्तिहरू आदिलाई समेटेर ऐन र नियममा नियमित संशोधन/परिमार्जन गरिनेछ।

- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ संशोधन र परिमार्जनको नेतृत्वदायी भूमिका अर्थ मन्त्रालयको रहेको हुन्छ। विदेशी विनिमय अपचलनको मुद्दा सम्बन्धी अनुसन्धान तथा मुद्दा दायरका सम्बन्धमा हाल महसुस गरिएका एवम् भविष्यमा आइपर्न सक्ने जोखिम समेतलाई ध्यान दिइ सोमा आवश्यक संशोधनका लागि अर्थ मन्त्रालयसँग समन्वय गरिनेछ।
- आगामी आर्थिक वर्षमा विभागको त्रिवर्षीय रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
- विभागले गर्ने अनुसन्धान तथा अभियोजनको कार्यलाई व्यवस्थित गराउने हेतुले अनुसन्धान तथा अभियोजन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- विभागले आगामी वर्षमा सम्पादन गर्ने सुधारका कार्यक्रमहरूलाई समेटेर वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। कार्यालयहरूले विभागले तयार गरेको कार्ययोजनाका आधारमा आफ्नो वार्षिक व्यवसायिक कार्ययोजना (Annual Business Plan) तयार गरी कार्यान्वयनमा ल्याउनेछन्।
- यस विभाग र मातहत राखी परिचालन गरिएका राजस्व प्रहरी इकाई हाल Adhoc अवस्थामा चलेकोले सञ्चालनका लागि यथाशीघ्र कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

**ख. संगठनात्मक क्षमता अभिवृद्धि**

- हाल विभागको मूलभवन रहेको कार्यालय आफ्नो जग्गामा रहेको छैन। कार्यालयको कार्यप्रकृतिलाई समेत ध्यान दिएर पर्याप्त स्थान सहित विभागको लागि जग्गा प्राप्ति गरिनेछ। आफ्नै जग्गामा भवन निर्माण गर्ने कार्य समेत अगाडि बढाइने छ मातहतका कार्यालयहरूको भौतिक पूर्वाधारमा सुधार गरिनेछ।
- विभाग र कार्यालयको स्वीकृत नयाँ संरचना अनुसार अब विभाग र मातहतका कार्यालयहरूमा बहुज्ञान र बहुसीपयुक्त कर्मचारी रहने व्यवस्था गरिनेछ। नयाँ कर्मचारीहरूको उपस्थितिसँगै कर्मचारीहरूमा क्षमता विकास गर्नुपर्ने देखिएको छ। यसैले कर्मचारीहरूको क्षमता विकास गर्ने अभिप्रायले तालिमका विभिन्न module हरू तयार गरी कार्यान्वयनमा ल्याइनेछ। चालु आर्थिक वर्षमा कम्तिमा ५० कर्मचारीहरूलाई तालिम उपलब्ध गराइनेछ र अर्को आर्थिक वर्षमा यस कार्यक्रमलाई निरन्तरता दिइने।

- राजस्व चुहावटका उच्च जोखिमयुक्त क्षेत्रहरूमा आवश्यक निगरानी बढाउन, राजस्व छली एवम् चुहावट हुने क्षेत्रहरू पहिचान गर्न र राजस्व चुहावट बढी मात्रामा हुने क्षेत्र सम्बद्ध व्यक्ति, संस्था, समूहको कारोबारको प्रकृति एवम् प्रवृत्ति विश्लेषण गर्नका लागि सूचना व्यवस्थापन एकाई (Intelligence Unit) को स्थापनालाई अन्तिम रूप दिई कार्यान्वयनमा ल्याइनेछ।
- ढुवानी साधन अनुगमन प्रणालीलाई क्षमता विकास तथा स्तरोन्नती गरिनेछ । यस प्रणालीलाई ASYCUDA World System, ITS लगायतसँग अन्तरआबद्ध गराई एकीकृत र समयसापेक्ष बनाइनेछ।
- राजस्व प्रशासनका निकायहरूसँग सूचना तथा जानकारी आदान प्रदान गर्न विगतमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, भन्सार विभाग तथा आन्तरिक राजस्व विभागसँग भएका समझदारी पत्र (Memorandum of Understanding) मा समयसापेक्ष आवश्यक परिमार्जन गरी प्रभावकारी बनाइनेछ।
- राजस्व चुहावट नियन्त्रणमा अन्य निकायहरूसँग पनि समन्वय र सहयोगका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्बन्धित क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा एक उच्चस्तरीय संयन्त्रको निर्माण गरिनेछ।
- विभाग र मातहत कार्यालयमा कार्यरत कमर्चारीहरूलाई कार्यसम्पादनमा जिम्मेवार, जवाफदेही र उदाहरणीय आचरण प्रदर्शन गर्न सक्षम बनाउनको लागि नियमित अनुगमनको व्यवस्था मिलाइनेछ।
- अनुसन्धान कार्यमा संलग्न हुने कर्मचारीहरूको सुक्ष्म निगरानी गरी तिनीहरूको कार्यसम्पादनको अभिलेख महानिर्देशकले राख्ने व्यवस्था मिलाइनेछ। सो अभिलेखका आधारमा कर्मचारीलाई दण्ड र पुरस्कार दिने प्रणालीको अवलम्बन गरिनेछ।गुणस्तरीय कार्यसम्पादनका लागि मातहतका कार्यालयहरूबीच प्रतिस्पर्धात्मक वातावरण सृजना गरिनेछ।

## ग. वैज्ञानिक कार्यशैलीको अवलम्बन

- वित्तीय जानकारी इकाई (Financial Intelligence Unit)तथा अन्य निकायहरूबाट सूचना लिई उच्च आर्थिक हैसियत (HNI) व्यक्तिबाट हुने राजस्व चुहावटको अनुसन्धान छानबीन तथा अभियोजन गरिनेछ।
- आर्थिक वर्ष २०८२।८३ मा छानबिन गरी फर्छ्यौंट गर्न बाँकी रहेका राजस्व चुहावटसँग सम्बन्धित विषयहरूको छानबीन गरी न्यूनतम ७५ प्रतिशत र विदेशी विनिमय अपचलनतर्फ ६० प्रतिशत मुद्दाहरूको टुङ्गो लगाइनेछ।

- राजस्व चुहावट हुने उच्च जोखिमयुक्त क्षेत्रहरू पहिचान गर्न विशेषज्ञ सहितको एक कार्यदल गठन गरिनेछ। कार्यदलबाट प्राप्त सुझावलाई आधार मानी राजस्व जोखिमका सूचकहरू तयार गरिनेछ। ती सूचकहरूका आधारमा विभागको अनुसन्धानलाई केन्द्रित गरिनेछ।
- राजस्व चुहावट नियन्त्रण गर्न अनुसन्धान कार्यलाई सूचना, ज्ञान र प्रविधिमा आधारित बनाइ प्रदर्शनात्मक प्रभाव पर्ने गरी राजस्वका प्रत्येक क्षेत्र भन्सार, आयकर मूल्य अभिबृद्धि कर अन्तः शुल्क र गैर कर क्षेत्रका दुई/दुई विषयहरूको अनुसन्धान गरिनेछ।
- उजुरी तथा सूचनाहरूको व्यवस्थापनका लागि उजुरी/सूचना व्यवस्थापन निर्दिशका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- परिपत्र वा निर्देशनको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा अन्य विभिन्न निकायहरूबाट प्राप्त हुन आएका कागजातहरूलाई र विभागबाट अनुसन्धान सम्पन्न भएका र अनुसन्धानको क्रममा रहेका सम्पूर्ण फाइलहरूलाई खोजेको बखत तुरून्तै उपलब्ध हुन सक्ने गरी सुरक्षित राख्न त्यस्ता विवरणहरूलाई कम्प्यूटरकृत (Digitized) गरिनेछ।
- सीमावर्ती क्षेत्रहरूबाट हुने गरेको चोरी निकासी पैठारी र आन्तरिक बजारमा बिना बिलबिजक हुने गरेको कारोबार एवम् ओसारपसारलाई नियन्त्रण गरी बजार प्रणालीलाई व्यवस्थित गर्न सीमावर्ती क्षेत्र, राजमार्ग तथा मुख्य बजार क्षेत्रमा नियमित, आकस्मिक एवम् द्रुत गस्ती परिचालनलाई निरन्तरता दिइनेछ।
- चोरी निकासी पैठारी कार्यलाई हतोत्साही गरी नियन्त्रण गर्न सम्बद्ध सबै निकायहरूलाई क्रियाशील रहन निर्देशन दिने र चोरी निकासी पैठारी हुने नाकाहरूको स्थलगत अनुगमन गरी चोरी पैठारी निकासी कार्यलाई न्यूनीकरण र रोकथाम गर्न स्थानीयस्तरमा गठन भएको स्थानीय राजस्व चुहावट नियन्त्रण समितिले भोगेको समस्याहरूको समाधान गर्न राजस्व चुहावट उच्चस्तरीय अनुगमन समितिको मार्गनिर्देशनमा चौमासिक रूपमा जिल्लास्थित सीमा नाकाहरूको स्थलगत अनुगमन गरी स्थानीयस्तरमा समन्वय र समस्या समाधानमा ध्यान केन्द्रित गरिनेछ।
- जफत गरी भण्डारमा दाखिला भएका मालवस्तुहरूको प्रचलित कानुन बमोजिम समयमै लिलाम बिक्री कार्य सम्पन्न गरिनेछ। साथै, विभागको जिन्सी खातामा रहेको तर पुरानो भई मर्मत संभार गरी काम चलाउन नसकिने किसिमका मालवस्तुहरूको समेत समयमै लिलाम बिक्रीको कार्य सम्पन्न गरिनेछ।

- राजस्व अनुसन्धानको सिलसिलामा देखिएका राजस्व चुहावट एवम् छलीका नवीन प्रकृति र प्रवृत्तिहरूलाई पृष्ठपोषणको रूपमा लिई त्यस्ता मुद्दाहरू (Issues) को विविध क्षेत्रगत अनुसन्धानमा विशेष ध्यान केन्द्रित गरिने छ।
- बढ्दो अनौपचारिक अर्थतन्त्रको आयतनलाई कम गरी स्वस्थ अर्थतन्त्रको निर्माणका लागि तथ्य र सूचनाका आधारमा विस्तृत अनुसन्धान (Coprehensive Investigation) कार्यलाई परिणाममूलक बनाइने छ। यसका लागि जोखिममा आधारित नक्साङ्कन (Risk Area Mapping) गरी सोही अनुरूप मौजुदा जनशक्ति परिचालित गरिनेछ।
- अनौपचारिक अर्थतन्त्र बढाउन भूमिका खेलिरहेको विदेशी मुद्राको अनाधिकृत प्रयोगलाई निरूत्साहित गर्न त्यस्ता विदेशी मुद्रा अपचलनसम्बन्धी जोखिम सूचक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
- अनुसन्धान कार्यमा हाल प्रयोगमा रहेको कागजातहरू (खानतलासी मुचुल्का, प्रवेश मुचुल्का) को विद्यमान ढाँचामा समसामयिक परिमार्जन गरिनेछ। साथै, अनुसन्धान प्रतिवेदनको विद्यमान ढाँचालाई समेत परिमार्जन गरी लागू गरिनेछ। यस्तो अनुसन्धान प्रतिवेदनलाई सफ्टवेयरमा समेत राख्ने व्यवस्था मिलाइनेछ।
- करको दायित्व घटाउन उच्च कर नियोजन गर्ने र कर छली गर्ने करदाताहरूको सूचना प्राप्त गर्न एवम् राष्ट्रिय कराधारको संरक्षण गर्न जनस्तरमा समेत करदाता शिक्षा तथा कर सचेतनाका कार्यक्रमहरू सघन रूपमा सञ्चालन गरिनेछ।

अन्त्यमा, विभागका उल्लिखित कार्यहरु एक्लो प्रयासबाट मात्र सम्भव छैन। यसका लागि प्रणालीका अन्य पात्रहरू, निजी क्षेत्र, पेशाविद्हरू, सञ्चार जगत तथा सर्वसाधारण सबैको साथ र सहयोग आवश्यक पर्दछ। विभागले आफ्नो साख र प्रतिष्ठा सधैं उँचो राखी राजस्व चुहावट नियन्त्रण र यस सम्बन्धि अनुसन्धान तहकिकातमा Centre of Excellence का रुपमा स्थापित गर्न ढिला गर्नुहँदैन। राजस्व चुहावट नियन्त्रण र तहकिकात आफैमा जटिल र संवेदनशील कार्य भएकोले सम्बद्ध सबै क्षेत्रको सहकार्य, समन्वय र नेटवर्किङ्ग अत्यावश्यक रहन्छ। समयसापेक्ष नीतिगत र कानूनी सुधार, जनशक्तिको कुशल व्यवस्थापन तथा क्षमता विकास, तालुक निकायको निरन्तर साथ, सहयोग र अभिभावकत्व र सबै तह क्षेत्र निकायको निरन्तर सहकार्य तथा समन्वय कायम गर्न सकेमा राज्यले लिएको राजस्व चुहावट एवम् कर छली नियन्त्रणको लक्ष्यमा कोशेढुङ्गा सावित हुनेमा दुई मत छैन।

# अनुसूचीहरु

## अनुसूची १ः राजस्व अनुसन्धान विभागमा कार्यरत कर्मचारीहरु

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| १ | सहसचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | २ | तीर्थराज चिलुवाल | महानिर्देशक |
| | | | | | | कृष्ण कुमारी श्रेष्ठ | उपमहानिर्देशक |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | ४ | कृष्ण प्रसाद गैह्रे | निर्देशक-७ |
| | | | | | | राजन कुमार बि.सी. | निर्देशक-३ |
| | | | | | | मनोज रेग्मी | निर्देशक-२ |
| | | | | | | अर्जुन पौडेल | निर्देशक-९ |
| | | | | | | विवेक घिमिरे | निर्देशक-८ |
| | | | | | | उमेशराज रिमाल | निर्देशक-योजना |
| | | | | | | प्रकाश पोखरेल | निर्देशक- प्रशासन |
| ३ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | २ | मनिराम पौडेल | निर्देशक-४ |
| | | | | | | ध्रुव पोखरेल | निर्देशक-५ |
| ४ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | चमिला भट्टराई | निर्देशक-६ |
| ५ | उपन्यायाधिवक्ता | रा.प.द्वितीय | न्याय | सरकारी वकील | १ | बद्री कुमार कार्की | निर्देशक-१ |
| ६ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | १ | नारायण प्रसाद दाहाल | आर्थिक प्रशासन शाखा |

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ८ | नारायण पौडेल | अनु शाखा-२ |
| | | | | | | मोहोदत्त अधिकारी | योजना |
| | | | | | | जय प्रसाद गौतम | अनु शाखा-७ |
| | | | | | | विष्णु प्रसाद सुवेदी | प्रशासन |
| | | | | | | कुलचन्द्र अर्याल | अनु शाखा-४ |
| | | | | | | नेत्र प्रसाद पोखेल | योजना |
| | | | | | | जीवन घिमिरे | अनु शाखा-४ |
| | | | | | | सुजन फागो लिम्बु | शाखा तोक्न बाँकी |
| | | | | | | अनन्त राज न्यौपाने | शाखा तोक्न बाँकी |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | ६ | टिकाराम पौडेल | अनु शाखा-३ |
| | | | | | | चन्द्र दाहाल | अनु शाखा-२ |
| | | | | | | शिवचन्द्र पन्त | योजना |
| | | | | | | रमण प्रसाद भट्टराई | अनु शाखा-३ पदाधिकार इटहरी |
| | | | | | | | प्रशासन |
| | | | | | | तिर्थराज पासवान | अनु शाखा-६ पदाधिकार कोहलपुर |

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अवधेश कुमार यादव | अनु शाखा-१ पदाधिकार पथलैया |
| | | | | | | नवराज पराजुली | अनु शाखा-८ पदाधिकार बुटवल |
| | | | | | | सन्तोष घिमिरे | अनु शाखा-४ |
| | | | | | | हेमराज जोशी | अनु शाखा-९ |
| | | | | | | नवराज सिंदाली | अनु शाखा-७ |
| | | | | | | कुल प्रसाद शर्मा | अनु शाखा-५ |
| | | | | | | जित बहादुर सुनार | अनु शाखा-२ |
| ९ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकील | १ | प्रभुशान्त ढकाल | अनु शाखा-१ |
| १० | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | विविध | १ | गोपी चौलागाईं | शाखा तोक्न बाँकी |
| ११ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | सूर्य प्रसाद रेग्मी | आर्थिक प्रशासन शाखा |
| १२ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | विविध | १ | यम प्रसाद तिवारी | अनु शाखा-३ |
| | | | | | | अरुण महत | अनु शाखा-७ |
| | | | | | | राजकुमार रुपाखेती | सचिवालय |
| १३ | नायब सुब्बा | रा.प.अनं | प्रशासन | सामान्य | ११ | गोकर्ण वि.क. | अनु शाखा-१ |

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम | | प्रशासन | | धर्मलाल शर्मा | प्रशासन |
| | | | | | | अन्जु भट्टराई | अनु शाखा-१ |
| | | | | | | पारस भण्डारी | अनु शाखा-२/गोदाम |
| | | | | | | अञ्जु श्रेष्ठ | अनु शाखा-२ |
| | | | | | | हरि कृष्ण चौलागाई | अनु शाखा-३ |
| | | | | | | अजय कुमार पाल | अनु शाखा-४ |
| | | | | | | सदानन्द सापकोटा | अनु शाखा-५ |
| | | | | | | भगवती शर्मा | अनु शाखा-५ |
| | | | | | | जानकी काफ्ले | अनु शाखा-७ |
| | | | | | | रामबाबु खनाल | योजना |
| | | | | | | हरि बहादुर रावल | प्रशासन |
| १४ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | राजस्व | ७ | विष्णु प्रसाद पन्थी | प्रशासन |
| | | | | | | भूवन राज घिमिरे | योजना |
| | | | | | | टिकाराज माझी | अनु शाखा-७ |
| | | | | | | अमिर कुमार दाहाल | अनु शाखा-६ |
| | | | | | | नारायण कुमार कार्की | अनु शाखा-५ |
| | | | | | | माधव सुवेदी (२०२४१६) | अनु शाखा-४ |

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अर्जुन गौतम | अनु शाखा-३ |
| | | | | | | लोकेन्द्र बहादुर बम | अनु शाखा-२ |
| १५ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | चेतन प्रसाद गौतम | आर्थिक प्रशासन शाखा |
| १६ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | विविध | विविध | ३ | राम प्रसाद घिमिरे | अनु शाखा-६/स्टोर |
| | | | | | | जगदिश अर्याल | योजना |
| | | | | | | चन्द्रशेर राना | प्रशासन |
| १७ | हलुकासवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मेकानिकल | ६ | छेवाङ तामाङ | प्रशासन |
| | | | | | | इश्वर के.सी. | अनु शाखा-४ |
| | | | | | | पुरुषोत्तम कुमार | अनु शाखा-६ |
| | | | | | | जीत बहादुर तामाङ्ग (करार) | सचिवालय |
| | | | | | | डम्बर बहादुर थापा (करार) | उ म नि सचिवालय |
| | | | | | | आकाश महर्जन (करार) | अनु शाखा-२ |
| १८ | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सामान्य प्रशासन | ८ | हरि प्रसाद लामिछाने | आर्थिक/प्रशासन शाखा |
| | | | | | | सुरेन्द्र महर्जन | अनु शाखा-३/७ |
| | | | | | | पवित्रा अछामी | उमनि सचिवालय |
| | | | | | | मनहरी श्रेष्ठ | अनु शाखा-४ |

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आशा सापकोटा | सचिवालय |
| | | | | | | सपना श्रेष्ठ | प्रशासन |
| | | | | | | अनिता बस्नेत | अनु शाखा-२ |
| | | | | | | नर बहादुर थापा (माली/कुचीकार करार) | माली/कुचिकार |
| जम्मा | | | | | ६५ | ७८ | |

**अनुसूची २ :**

**राजस्व अनुसन्धान विभागका मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरु**

**राजस्व अनुसन्धान कार्यालय, इटहरी**

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | अर्जुन राई | प्रमुख अनुसन्धान अधिकृत |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | विदुर गौतम | शाखा अधिकृत |
| | | | | | | नविन कार्की | शाखा अधिकृत |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | २ | राजेश कुमार दत्त | शाखा अधिकृत |
| | | | | | | भवानी प्रसाद दाहाल | शाखा अधिकृत |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ३ | रेवती कुमार कोइराला | ना.सु. |
| | | | | | | प्रज्वल पोखरेल | ना.सु. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तुलसी पौडेल | ना.सु. |
| ५ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | राजस्व | २ | धिरज कुमार थापा | ना.सु. |
| | | | | | | प्रेम कुमार थापा | ना.सु. |
| ६ | नायब सुब्बा | रा.प.अनं प्रथम | न्याय | सरकारी वकील | १ | चुरामणि गदाल | ना.सु. |
| ७ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | गंगा राई | ना.सु. |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | विविध | विविध | १ | दिपेन्द्र श्रेष्ठ | ना.सु. |
| ९ | हलुका सवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मेकानिकल | २ | परमेश्वर यादव | ह.स.चा. |
| | | | | | | जीवन कुमार मैनाली (करार) | ह.स.चा. |
| १० | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सामान्य प्रशासन | ३ | रविचन्द्र गिरी (करार) | का.स. |
| | | | | | | दिल कुमार चौधरी (करार) | का.स. |
| | | | | | | अमृत राई (करार) | का.स. |
| जम्मा | | | | | १८ | १७ | |

## राजस्व अनुसन्धान कार्यालय, पथलैया

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | हरि प्रसाद शर्मा | प्रमुख अनुसन्धान अधिकृत |
| २ | शाखा | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ३ | विकाश कुमार मिश्र | शाखा अधिकृत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत | | | | | पुष्पराज कोइराला | शाखा अधिकृत |
| | | | | | | रिक्त | शाखा अधिकृत |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | २ | बालकृष्ण दाहाल | शाखा अधिकृत |
| | | | | | | अवधेश कुमार यादव काजः विभाग | |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ३ | लक्ष्मण निरौला | ना.सु. |
| | | | | | | जीवन राज गौतम | ना.सु. |
| | | | | | | खगेन्द्र उपाध्याय | ना.सु. |
| ५ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | राजस्व | ४ | सन्देश लामिछाने | ना.सु. |
| | | | | | | राजन प्रसाद घिमिरे | ना.सु. |
| | | | | | | रिक्त | ना.सु. |
| | | | | | | रिक्त | ना.सु. |
| ६ | नायब सुब्बा | रा.प.अनं प्रथम | न्याय | सरकारी वकील | १ | बोम प्रसाद पन्थी | ना.सु. |
| ७ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | धनीलाल शाह | ना.सु. |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | विविध | विविध | १ | श्यामकृष्ण दाहाल | ना.सु. |
| ९ | हलुका सवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मेकानिकल | २ | लक्ष्मी बास्कोटा | ह.स.चा. |
| | | | | | | गोविन्द प्रसाद गौतम (करार) | ह.स.चा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सामान्य प्रशासन | ३ | सन्तोष भट्टराई (करार) | का.स. |
| | | | | | | ललिता वस्ती (करार) | का.स. |
| | | | | | | रिक्त | का.स. |
| जम्मा | | | | | २१ | | |

## राजस्व अनुसन्धान कार्यालय, बुटवल

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | सुवास श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ३ | निमराज भट्टराई | शाखा अधिकृत |
| | | | | | | दिनेश ज्ञवाली | शाखा अधिकृत |
| | | | | | | रिक्त | शाखा अधिकृत |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | २ | हेरम्बराज न्यौपाने | शाखा अधिकृत |
| | | | | | | नवराज पराजुली काज : विभाग | शाखा अधिकृत |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ४ | दुर्गालाल घिमिरे | ना.सु. |
| | | | | | | कमल पन्थी | ना.सु. |
| | | | | | | पुनाराम पन्थी | ना.सु. |
| | | | | | | ओम प्रकाश ढकाल | ना.सु. |
| ५ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | राजस्व | ४ | रामचन्द्र कान्दु | ना.सु. |
| | | | | | | रिक्त | ना.सु. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | रिक्त | ना.सु. |
| | | | | | | रिक्त | ना.सु. |
| ६ | नायब सुब्बा | रा.प.अनं प्रथम | न्याय | सरकारी वकील | १ | सुशिला ज्ञवाली | ना.सु. |
| ७ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | रिक्त | ना.सु. |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | विविध | विविध | १ | दिपेन्द्र श्रेष्ठ | ना.सु. |
| ९ | हलुका सवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मेकानिकल | २ | मेघनाथ पाण्डे (करार) | ह.स.चा. |
| | | | | | | दान बहादुर बन्जाडे (करार) | ह.स.चा. |
| १० | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सामान्य प्रशासन | ३ | सन्तोष आचार्य (करार) | का.स. |
| | | | | | | पोहल सिंह राना (करार) | का.स. |
| | | | | | | लोक राज ओझा (करार) | का.स. |
| **जम्मा** | | | | | २२ | | |

## राजस्व अनुसन्धान कार्यालय, कोहलपुर

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या | कार्यरत कर्मचारी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | कृष्ण प्रसाद शर्मा | प्रमुख अनुसन्धान अधिकृत |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | खड्क प्रसाद उपाध्याय | शाखा अधिकृत |
| | | | | | | रिक्त | शाखा अधिकृत |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | २ | रिक्त | शाखा अधिकृत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तिर्थराज पासवान काज : विभाग | शाखा अधिकृत |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ३ | लोकेन्द्र कुमार रिजाल | ना.सु. |
| | | | | | | जीवानन्द ढुङ्गाना | ना.सु. |
| | | | | | | रिक्त | ना.सु. |
| ५ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | राजस्व | ३ | राम बहादुर बि.क. | ना.सु. |
| | | | | | | कुमुदिनी शर्मा | ना.सु. |
| | | | | | | रिक्त | ना.सु. |
| ६ | नायब सुब्बा | रा.प.अनं प्रथम | न्याय | सरकारी वकील | १ | सविना बुडथापा | ना.सु. |
| ७ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | देव प्रसाद उपाध्याय | ना.सु. |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | विविध | विविध | १ | जीवन रावत | ना.सु. |
| ९ | हलुका सवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मेकानिकल | २ | राम नेवास यादव (करार) | ह.स.चा. |
| | | | | | | दिपक सिंह ठकुरी (करार) | ह.स.चा. |
| १० | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सामान्य प्रशासन | ३ | गंगा बहादुर वली (करार) | का.स. |
| | | | | | | लाल बहादुर चौधरी (करार) | का.स. |
| | | | | | | रिक्त | का.स. |
| **जम्मा** | | | | | **१९** | **१३** | |

## अनुसूची ३

## विभागको नागरिक वडापत्र

| सि.नं | कार्यहरू | आवश्यक कागजात/प्रमाण | लाग्ने शुल्क/ दस्तुर | लाग्ने समयावधि | जिम्मेवार शाखा | जिम्मेवारपदाधिकारी | गुनासो सुन्ने अधिकारी | कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सूचना सङ्कलन सम्बन्धि कार्य | | | | | | | |
| क. | उजुरी निवेदन प्राप्ति, फोन/फ्याक्सबाट सूचना प्राप्ति, कन्ट्रोल रूमबाट सूचना प्राप्ति, Revenue Intelligence Unit बाट सूचना प्राप्ति, अन्य निकायबाट सूचना प्राप्ति, | निवेदन, इमेल, फ्याक्स तथा फोन गरेको पुष्टिहुने प्रमाण | निःशुल्क | निरन्तर | योजना | निर्देशक | महानिर्देशक/ उप-महानिर्देशक | |
| २ | गस्ती परिचालन गर्ने | | | | | | | |
| क. | नियमित | प्राप्त सूचना | – | निरन्तर | योजना | निर्देशक | '''' | |
| ख. | आकस्मिक | प्राप्त सूचना | – | आवश्यकतानुसार | '''' | '''' | '''' | |
| ग. | द्रुतगस्ती | प्राप्तसूचना | – | '''' | '''' | '''' | '''' | |
| ३ | बजार अनुगमन र राजस्व चुहावट सम्बन्धी प्रारम्भिक अनुसन्धान गर्ने | | | | | | | |
| क. | शङ्कास्पद कारोवार स्थलको भ्रमण गर्ने | प्राप्त सूचनाहरू | – | निरन्तर | '''' | '''' | '''' | |

| सि.नं | कार्यहरू | आवश्यक कागजात/प्रमाण | लाग्ने शुल्क/ दस्तुर | लाग्ने समयावधि | जिम्मेवार शाखा | जिम्मेवारपदाधिकारी | गुनासो सुन्ने अधिकारी | कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| **ख.** | शङ्कास्पद क्षेत्रमा निगरानी राख्ने र आवश्यक परेमा खानतलासी लिने | प्राप्त सूचनाहरू | – | '''' | '''' | '''' | '''' | |
| **ग.** | मालवाहक ढुवानी तथा यात्रुवाहक बसमा निगरानी राख्ने | प्राप्त सूचनाहरू | – | '''' | '''' | '''' | '''' | |
| ४ | **राजस्व चुहावट सम्बन्धी विस्तृत अनुसन्धान गर्ने** | | | | | | | |
| **क.** | भन्सार चोरी पैठारीको सामान कब्जामा लिने | प्राप्त सूचनाहरू, प्रतिवेदन | – | आवश्यकता अनुसार | सम्बन्धित अनुसन्धानशाखा | निर्देशक/ अनुसन्धान अधिकृत | '''' | |
| **ख.** | छानबिन र मूल्याङ्कन गर्ने | प्राप्त सूचनाहरू, प्रतिवेदन, भन्सार प्रज्ञापनपत्र, बिल बिजक | – | '''' | '''' | '''' | '''' | |
| **ग.** | बयान गराउने | प्राप्त सूचनाहरू, प्रतिवेदन, भन्सार प्रज्ञापनपत्र, बिल बिजक | – | '''' | '''' | '''' | '''' | |
| **घ.** | धरौटी माग गर्ने | प्राप्त सूचनाहरू, प्रतिवेदन, | – | '''' | '''' | '''' | '''' | |

| सि.नं | कार्यहरू | आवश्यक कागजात/प्रमाण | लाग्ने शुल्क/ दस्तुर | लाग्ने समयावधि | जिम्मेवार शाखा | जिम्मेवारपदाधिकारी | गुनासो सुन्ने अधिकारी | कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | भन्सार प्रज्ञापनपत्र,<br>बिल बिजक,<br>अनुसन्धान अधिकृतको निर्णय | | | | | | |
| ङ. | जिल्ला सरकारी वकील कार्यालयको राय माग गर्ने | प्राप्त सूचनाहरू,<br>प्रतिवेदन,<br>भन्सार प्रज्ञापनपत्र,<br>बिल बिजक,<br>बयान | – | ““ | ““ | ““ | ““ | |
| च. | मुद्दा दायर गर्ने | प्राप्त सूचनाहरू,<br>प्रतिवेदन,<br>भन्सार प्रज्ञापनपत्र,<br>बिल बिजक,<br>बयान,<br>निर्णय | – | बढीमा ९ (नौ) महिना | ““ | ““ | ““ | |
| ५ | **विदेशी विनिमय अपचलन अनुसन्धान सम्बन्धी कार्य** | | | | | | | |
| क. | सामान कब्जामा लिने | प्राप्त सूचनाहरू,<br>प्रतिवेदन,<br>अनुमतिपत्र | – | ““ | अनुसन्धान तथा मुद्दा | उपन्याधिवक्ता/ अनुसन्धान अधिकृत | ““ | |

| सि.नं | कार्यहरू | आवश्यक कागजात/प्रमाण | लाग्ने शुल्क/ दस्तुर | लाग्ने समयावधि | जिम्मेवार शाखा | जिम्मेवारपदाधिकारी | गुनासो सुन्ने अधिकारी | कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| ख. | छान विन र मूल्याङ्कन गर्ने | प्राप्त सूचनाहरू, प्रतिवेदन, अनुमतिपत्र | – | ““ | ““ | ““ | ““ | |
| ग. | बयान गराउने | प्राप्त सूचनाहरू, प्रतिवेदन, अनुमतिपत्र | – | ““ | ““ | ““ | ““ | |
| घ. | धरौटी माग गर्ने | प्राप्त सूचनाहरू, प्रतिवेदन, अनुमतिपत्र, बयान, अनुसन्धान अधिकृतको निर्णय | – | ““ | ““ | ““ | ““ | |
| ङ. | जिल्ला सरकारी वकील कार्यालयको राय माग गर्ने | प्राप्त सूचनाहरू, प्रतिवेदन, अनुमतिपत्र, बयान, निर्णय | – | ““ | ““ | ““ | ““ | |

| सि.नं | कार्यहरू | आवश्यक कागजात/प्रमाण | लाग्ने शुल्क/ दस्तुर | लाग्ने समयावधि | जिम्मेवार शाखा | जिम्मेवारपदाधिकारी | गुनासो सुन्ने अधिकारी | कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| च. | मुद्दा दायर गर्ने | प्राप्त सूचनाहरू, प्रतिवेदन, अनुमतिपत्र, बयान, निर्णय | – | बढीमा ९ (नौ) महिना | ““ | ““ | ““ | |
| ६ | **लिलाम बिक्री सम्बन्धी कार्य** | | | | | | | |
| क. | लिलाम सम्बन्धी सूचना प्रकाशन गर्ने | – | तोकिए बमोजिम | तोकिए बमोजिम | सामान्यप्रशासन | निर्देशक | ““ | |
| ख. | सूचना फाराम बिक्री तथा सङ्कलन गर्ने | फर्म दर्ता तथा नवीकरण, बैंक भौचर, मू.अ. कर तथा अन्तःशुल्क दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र, प्रतिनिधि तोकेको पत्र | ““ | ““ | ““ | ““ | ““ | |
| ग. | मुल्याङकन समितिको वैठक राख्ने | - | निःशुल्क | आवश्यकता अनुसार | ““ | ““ | ““ | |

| सि.नं | कार्यहरू | आवश्यक कागजात/प्रमाण | लाग्ने शुल्क/ दस्तुर | लाग्ने समयावधि | जिम्मेवार शाखा | जिम्मेवारपदाधिकारी | गुनासो सुन्ने अधिकारी | कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| **घ.** | लिलाम सकार्नको लागि सूचना वा प त्राचार गर्ने | - | _ | तोकिए बमोजि | ‘‘‘‘ | ‘‘‘‘ | ‘‘‘‘ | |
| **ङ.** | लिलाम सकार्ने व्यक्तिले ७ दिन भित्र सामान नउठाएमा धरौटी जफत गर्ने | - | _ | ७ दिन | ‘‘‘‘ | ‘‘‘‘ | ‘‘‘‘ | |
| ७ | **राजस्व र धरौटी सम्बन्धी कार्य** | | | | | | | |
| **क.** | राजस्व बुझ्ने | निवेदन, रसिदको सक्कल प्रति | निःशुल्क | निरन्तर | आर्थिकप्रशासन | प्रमुख लेखा नियन्त्रक | ‘‘‘‘ | |
| **ख.** | धरौटी फिर्ता दिने | ‘‘‘‘ | ‘‘‘‘ | २ दिन भित्र | ‘‘‘‘ | ‘‘‘‘ | ‘‘‘‘ | |
| ८ | भ्रष्टाचार र गुनासो सम्बन्धमा परेका उजुरी प्राप्ति र छानबिन गर्ने | उजुरी तथा निवेदन | ‘‘‘‘ | निरन्तर | सामान्यप्रशासन | निर्देशक | ‘‘‘‘ | |
| ९ | सरोकारवालसँगसम्पर्क र समन्वय गर्ने | _ | _ | ‘‘‘‘ | ‘‘‘‘ | ‘‘‘‘ | ‘‘‘‘ | |
| १० | विभागको सूचना जानकारी सम्प्रेषण गर्ने | _ | निःशुल्क | ‘‘‘‘ | ‘‘‘‘ | ‘‘‘‘ | ‘‘‘‘ | |
| ११ | छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | _ | _ | आवश्यकता अनुसार | योजना | निर्देशक | ‘‘‘‘ | |

| सि.नं | कार्यहरू | आवश्यक कागजात/प्रमाण | लाग्ने शुल्क/ दस्तुर | लाग्ने समयावधि | जिम्मेवार शाखा | जिम्मेवारपदाधिकारी | गुनासो सुन्ने अधिकारी | कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| १२ | प्रचार/प्रसार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | _ | – | """" | """" | """" | """" | |
| १४ | सुराकी खर्च तथा सुराकी पुरस्कारको व्यवस्था गर्ने | निवेदन दर्ता भएको हुनुपर्ने इमेल तथा फ्याक्सबाट जानकारी गराएको भए सो पुष्टि हुनुपर्ने | निःशुल्क | ७ दिन | योजना + आर्थिक प्रशासन शाखा | निर्देशकहरू | """" | |

# अनुसूची ४

# आ.व. २०८२/८३ को माइलस्टोन तथा वार्षिक कार्ययोजना

| वार्षिक कार्ययोजना ( आ.व.२०८२/८३) | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नीति तथा कार्यक्रम | बजेट | बजेट वक्तब्य | क्रियाकलाप | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | क्रियाकलाप सम्बद्ध आयोजना | माइल्स्टोन | माइल्स्टोन | माइल्स्टोनको | | वेशलाइन | सञ्चयी प्रवृत्ति | वार्षिक लक्ष्य | इकाई | आर्थिक वर्ष२०८२/८३को लक्ष्य सहितको कार्यान्वयन समयसारिणी | | | | | | | | | | | | सहयोगी निकाय |
| | | | | | | | | प्रकार | उपप्रकार | | | | | प्रथम त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | |
| | | | | | | | | | | | | | | साउन | भदौ | असोज | कातिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | असार | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |
| P१४५ : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका निकायहरूको कामकारबाहीलाई पारदर्शी, व्यवस्थित र | P१४५ B२४: राजस्व चुहावट नियन्त्रण गर्न इन्टेलिजेन्समा आधारित अनुसन्धान प्रणाली विकास गरिनेछ। राजस्व परिचालनसँग सम्वद्ध निकायहरूबी | B२४ : मुलुकलाई निर्धारित समय अगावै सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको निगरानी सूचीबाट बाहिर निकाली अर्थतन्त्रको विश्वसनीयता अभिवृद्धि गर्नु | राजस्व चुहावट र विदेशी विनिमय अपचलन सम्बन्धमा अनुसन्धान तथा अभियोजन गर्ने। | राजस्व अनुसन्धान विभाग | राजस्व चुहावट र विदेशी विनिमय अपचलन सम्बन्धमा अनुसन्धान | P०००B० ०A२M१ | राजस्व चुहावटतर्फ सूचना तथा उजुरी फछ्यौंट | कार्यक्रम सञ्चालन | अनुसन्धान | ५५ | CCY | ७५ | प्रतिशत | २० | २५ | ३० | ४० | ४५ | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ | महान्यायाधिवक्ताको कार्यालय, नेपाल |
| | | | | | | P०००B० ०A२M२ | विदेशी विनिमय अपचलनतर्फ सूचना तथा उजुरी फछ्यौंट | कार्यक्रम सञ्चालन | अनुसन्धान | २५ | CCY | ६० | प्रतिशत | २० | २५ | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | ५५ | ६० | ६० | महान्यायाधिवक्ताको कार्यालय, नेपाल |
| | | | राजस्व चुहावट, विदेशी विनिमय अपचलन तथा सम्पत्ति शुद्धीकर | राजस्व अनुसन्धान विभाग | | P०००B० ०A७M१ | राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरणको उच्च जोखिम देखिएका | कार्यक्रम सञ्चालन | अनुसन्धान | ० | CCY | २० | वटा | -- | १ | २ | ४ | ७ | ९ | ११ | १२ | १४ | १६ | १८ | २० | आन्तरिक राजस्व विभाग, लाजिम्पाट, भन्सार विभाग |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रविधि मैत्री बनाइनेछ। तस्करी, भ्रष्टाचार र राज्यको सम्पत्ति दुरुपयोग नियन्त्रणमा यी निकायहरूको भूमिका थप सुदृढ बनाइनेछ। | च सूचना आदान प्रदान तथा संयुक्त अनुगमनलाई प्रभावकारी बनाईनेछ। | सरकारको महत्त्वपूर्ण कार्यसूची हुन पुगेको छ। पहिलो सार्वभौम क्रेडिट रेटिङ्गबाट प्राप्त भएको उत्साहजनक नतिजालाई वाह्य पुँजी परिचालनका लागि उपयोग गर्दै माथिल्लो रेटिङ्ग प्राप्त गर्न आर्थिक सुधारका थप कार्यक्रम अघि बढाइनेछ। | णको उच्च जोखिम देखिएका क्षेत्रको पहिचान गरी सम्बद्ध निकायको समन्वयमा सूचना तथा प्रमाण सङ्कलन गरी अनुसन्धान तथा तहकिकात गर्ने। | | | | क्षेत्रको अनुसन्धान | | | | | | | | | | | | | | | | | | | |
| | | | राजस्व प्रणाली सँग सम्वन्धित मालबस्तु तथा ढुवानीका साधनको | राजस्व अनुसन्धान विभाग | VCTS प्रयोग तथा परिपालना कार्यक्रम | P०००B०००A३M१ | मालबस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (VCTS) को परिपालना सम्बन्धी अनुगमन | कार्यक्रम सञ्चालन | अनुसन्धान | १२६० | CCY | १३५० | वटा | ७५ | १७५ | २५० | ३२५ | ४५० | ५२५ | ६०० | ८०० | ९५० | ११०० | १२५० | १३५० | नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, भन्सार विभाग |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुगमन प्रणाली (VCTS) को कार्यान्वयन र अनुगमनलाई थप प्रभावकारी बनाई राजस्व छली तथा चुहावट नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गर्ने । | | | P०००B०००A३M२ | VCTS प्रणालीमा Consignment प्रयोग कर्ताको सङ्ख्या | कार्यक्रम सञ्चालन | अनुसन्धान | २.९५ | CPY | ३.२१ | सङ्ख्या (लाख) | २.९६ | २.९९ | ३.०२ | ३.०५ | ३.०८ | ३.१ | ३.१२ | ३.१४ | ३.१६ | ३.१८ | ३.२ | ३.२१ | नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट |
| | | | | | | P०००B०००A३M३ | VCTS प्रणालीमा Consignment को सङ्ख्या | कार्यक्रम सञ्चालन | अनुसन्धान | १०५ | CCY | ११५ | सङ्ख्या (लाखमा) | ५ | १५ | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ | ८५ | ९५ | १०५ | ११५ | |
| | | | | | नागरिक सचेतना तथा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम | P०००B०००A३M४ | राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन सचेतना अभिवृद्धि, सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया, सूचना आदानप्रदान तथा संयुक्त अनुगमन सम्बन्धी कार्यक्रम | कार्यक्रम सञ्चालन | अनुसन्धान | ७ | CCY | ७ | वटा | ० | ० | ० | १ | २ | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | राजस्व चुहावट नियन्त्रणको लागि गस्ती परिचालन (नियमित, आकस्मिक र द्रुत गस्ती) गर्ने | राजस्व अनुसन्धान विभाग | गस्ति परिचालन कार्यक्रम | P०००B०००A४M१ | नियमित, आकस्मिक र द्रुत गस्ती परिचालन | कार्यक्रम सञ्चालन | अनुसन्धान | १८०० | CCY | २१०० | पटक | १५० | ३५० | ४५० | ६०० | ८०० | १००० | १२०० | १४०० | १६५० | १८५० | २००० | २१०० | सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय |
| | | | जोखिममा आधारित भन्सारको कन्साइन्मेन्टको परीक्षण गर्ने | राजस्व अनुसन्धान विभाग | भन्सार चोरी पैठारी तथा भन्सार घोषणा फरक पारी पैठारी भएका कन्साइन्टमेन्टलाई जोखिमको आधारमा पहिचान, विश्लेषण तथा प्रतिवेदन समेतका आधारमा जोखिम | P०००B०००A५M१ | भन्सार चोरी पैठारी तथा भन्सार घोषणा फरक पारी पैठारी भएका कन्साइन्टमेन्टलाई जोखिमको आधारमा पहिचान, विश्लेषण, अनुसन्धान गर्ने | कार्यक्रम सञ्चालन | अनुसन्धान | १०० | CCY | १२० | वटा | १० | २० | ३० | ४० | ५० | ६० | ७० | ८० | ९० | १०० | ११० | १२० | भन्सार विभाग |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | न्यूनीकरण कार्यक्रम | | | | | | | | | | | | | | | | | | | | | |
| | | | उच्च राजस्व/कर चुहावट देखिएका फाइलहरू पहिचान गरी अध्ययन अनुसन्धान गर्ने | राजस्व अनुसन्धान विभाग | राजस्व चुहावट को उच्च जोखिममा रहेका आन्तरिक राजस्वसँग सम्बन्धित फाइलहरु को अवस्था अध्ययन, विश्लेषण तथा अनुसन्धान कार्यक्रम | P०००B०००A६M१ | राजस्व चुहावटको उच्च जोखिममा रहेका आन्तरिक राजस्वसँग सम्बन्धित फाइलहरु को अवस्था अध्ययन, विश्लेषण तथा अनुसन्धान गर्ने | कार्यक्रम सञ्चालन | अनुसन्धान | ० | CCY | ४० | वटा | ० | १ | ३ | ८ | १३ | १८ | २३ | २५ | २८ | ३१ | ३५ | ४० | आन्तरिक राजस्व विभाग, लाजिम्पाट |
| | | | धरौटी सदरस्याहा गर्ने तथा लेखी पठाउने | राजस्व अनुसन्धान विभाग | प्रयोजन समाप्त भएका धरौटीको सदरस्याहा गर्ने र सम्बन्धित निकायमा लेखी पठाउने | P०००B०००A८M१ | विभाग/कार्यालयमा रहेको कूल धरौटी रकम मध्ये प्रयोजन समाप्त भएका धरौटीको सदरस्याहा गर्ने र | कार्यक्रम सञ्चालन | अनुसन्धान | ३० | CCY | ६० | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | आन्तरिक राजस्व विभाग, लाजिम्पाट, भन्सार विभाग, महालेखा नियन्त्रक कार्यालय |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सम्बन्धित निकायमा लेखी पठाउने | | | | | | | | | | | | | | | | | | | |
| | | | लिलाम गर्ने तथा नियमानुसार नष्ट गर्ने | राजस्व अनुसन्धान विभाग | कसूर सम्बद्ध सवारी/ढुवानी साधन तथा मालवस्तुको लिलाम बिक्री/नष्ट गर्ने, लिलाम गर्न अयोग्य मालवस्तु नियमानुसार नष्ट गर्ने | P०००B०००A९M१ | कसूर सम्बद्ध सवारी/ढुवानी साधन तथा मालवस्तुको लिलाम बिक्री/नष्ट गर्ने | कार्यक्रम सञ्चालन | अनुसन्धान | २५ | CCY | ७५ | प्रतिशत | २५ | २५ | २५ | ५० | ५० | ५० | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | महालेखा नियन्त्रक कार्यालय |

# अनुसूची ५
## प्रकाशित सूचनाहरू

नेपाल सरकार
प्रधानमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभागको**
**उपभोक्ता महानुभावहरूलाई अनुरोध**

आदरणीय उपभोक्ताज्यूहरू,

तपाइहरूले खरिद गरेको मालवस्तु वा लिएको सेवाको मूल्यमा सरकारी राजस्व समेत समावेश हुने भएकोले बिक्रेता र सेवा प्रदायकसँग अनिवार्य रूपमा बिल बीजक लिन नभुल्नु होला। तपाईंले बिक्रेतालाई तिरेको रकमबाटै सरकारले राजस्व सङ्कलन गर्ने हुँदा बिल नलिएको खण्डमा सो रकम सरकारी ढुकुटीमा आउँदैन। त्यसैले कसैले मालवस्तु वा सेवाको बिक्री वितरण गर्दा बिल बीजक जारी नगरेको, कारोबार मूल्यभन्दा घटी मूल्यको बिल जारी गरेको वा PAN/VAT मा दर्ता नै नगरी कारोबार गरेको पाउनुभएमा यस विभागमा तत्काल खबर गरी राजस्व चुहावट नियन्त्रण कार्यमा सहयोग गर्नुहुन अनुरोध छ।

विभागको हटलाइनः ०१-५०१००८५
टोल फ्रि नं. १६६०-०१-५५०००

राजस्व अनुसन्धान विभाग
हरिहरभवन, ललितपुर

नेपाल सरकार
प्रधानमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभागको**
**सेवा तथा मालसामान बिक्रेताहरूलाई अनुरोध**

तपाईँले व्यापार व्यवसाय मात्र नगरेर सरकारको तर्फबाट राजस्व सङ्कलन गर्ने जिम्मेवारी समेत निर्वाह गर्दै हुनुहुन्छ। तपाईले बिक्री गरेको मालवस्तु/सेवाको कारोबारमै राजस्वनिर्भर हुने भएकोले कृपया कारोबार मूल्यमै अनिवार्य रूपमा बिलविजक जारी गरी राजस्व असुली गर्नहुन तथा राजस्व चुहावट नियन्त्रण गर्न सहयोग गर्नुहुन अनुरोध छ। बिल विजक जारी नै नगरेमा वा कारोबार मूल्यभन्दा घटी मूल्यको विल विजक जारी गरेमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र प्रचलितकानुनबमोजिम कारवाहीहुनेछ। अतः व्यापार व्यवसाय अभिवृद्धि भइरहेको वर्तमान अवस्थामा कानुन बमोजिम बिल विजक जारी गरी निर्धक्क भई सम्मानका साथ आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध छ।

विभागको हटलाइनः ०१-५०१००८५
टोल फ्रि नं. १६६०-०१-५५०००

राजस्व अनुसन्धान विभाग
हरिहरभवन, ललितपुर

## सन्दर्भ सामग्री

नेपालको संविधान, कानुन न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति

सोह्रौं योजना (२०८१/८२-२०८५/८६), राष्ट्रिय योजना आयोग

आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

आ.व. २०८१/८२ को बजेट वक्तव्य, अर्थ मन्त्रालय

आ.व. २०८२/८३ को बजेट वक्तव्य, अर्थ मन्त्रालय

मन्त्रालयगत प्रगति विवरण, अर्थ मन्त्रालय, २०८१

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२०

राजस्व प्रशासनसँग सम्बन्धित अन्य ऐन तथा नियमावलीहरू

विभागबाट विगतमा प्रकाशित वार्षिक प्रगति प्रतिवेदनहरु।

# तस्विरहरु




*राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित नवीन प्रावधानहरू र VCTS को प्रयोग तथा परिपाना सम्बन्धी अन्तरक्रिया कार्यक्रम (२०८२/०१/२८)*




*राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित नवीन प्रावधानहरू र VCTS को प्रयोग तथा परिपाना सम्बन्धी अन्तरक्रिया कार्यक्रम (२०८१/१०/२२)*




*राजस्व अनुसन्धान विभाग अन्तर्गतका कार्यालय अनुगमन कार्यक्रम*



*अन्तरक्रिया कार्यक्रमका सहभागि सरोकारवाला तथा कर्मचारीहरू*



*राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित नवीन प्रावधानहरू र VCTS को प्रयोग तथा परिपाना सम्बन्धी अन्तरक्रिया कार्यक्रम (रा.अ.वि., सभाहल)*




*राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित नवीन प्रावधानहरू र VCTS को प्रयोग तथा परिपाना सम्बन्धी अन्तरक्रिया कार्यक्रम (नेपालगञ्ज)*



*Team-DRI, २०८१*

~समाप्त~